# निरन्तर मूल्याङ्कन प्रणाली

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह एम.एड. द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण (598) विषय अन्तर्गतको आंशिक आवश्यकता पूरा गर्नका लागि तयार गरिएको

शोधपत्र


**शोधार्थी**

दुर्गा सुवेदी

परीक्षा रोल नं. : २१४००२०

त्रि.वि.दर्ता नं. : ६-१-२१४-२९-२००२

शैक्षिक वर्ष : २०६५/२०६६

सुकुना बहुमुखी क्याम्पस

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

कोसीहरैँचा, मोरङ


२०७३

निरन्तर मूल्याङ्कन प्रणाली दुर्गा सुवेदी पाठ्यक्रम तथा मूल्याङ्कन विभाग २०७३

त्रिभुवन विश्वविद्यालयद्वारा मान्यता प्राप्त

# सुकुना बहुमुखी क्याम्पस

कोशी हरैंचा,मोरङ

स्थापित : २०४८

पत्र संख्या :

चलानी नं. : मिति :........................

---

**सिफारिस - पत्र**

त्रिभुवन विश्वविद्यालय सुकुना बहुमुखी क्याम्पस, शिक्षा शास्त्र संकाय स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन मुल विषयको आंशिक आवश्यकता पुरा गर्नका लागि दुर्गा सुवेदीले **"निरन्तर मूल्याङ्कन प्रणाली"** शीर्षकको शोधपत्र मेरो निर्देशनमा रहि तयार पार्नु भएको हो । उहाँको शोधपत्र लेखनप्रति म सन्तुष्ट भएकाले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

..........................

गणेशप्रसाद दहाल

शोध निर्देशक

सुकुना बहुमुखी क्याम्पस,

मिति : २०७३

त्रिभुवन विश्वविद्यालय
क्याम्पस प्रमुखको कार्यालय

# सुकुना बहुमुखी क्याम्पस

पत्र संख्या :
चलानी नं. :

## स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय सुकुना बहुमुखी क्याम्पस, शिक्षा शास्त्र संकाय स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन मुल विषयको आंशिक आवश्यकता पुरा गर्नका लागि दुर्गा सुवेदीले **"निरन्तर मूल्याङ्कन प्रणाली"** शीर्षकमा तयार पार्नु भएको शोधपत्र स्वीकृतिका लागि प्रस्तुत गर्नु भएकोले यो शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरेका छौं ।

शोधपत्र मूल्याङ्कन समिति

| क.स. नाम | पद | सहि |
|---|---|---|
| १.केशवराज भट्टराई | विभागिय प्रमुख | ................. |
| २. गणेशप्रसाद दहाल | शोध निर्देशक | ................. |
| ३. | बाह्य परीक्षक | ................. |

मिति : २०७३/ /

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्याल, शिक्षा शास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह एम.एड. दोस्रो वर्षको आवश्यकता पूरा गर्नका लागि **'निरन्तर मूल्याङ्कन प्रणाली'** शीर्षकमा शोधकार्य सम्पन्न गरी यो शोधपत्र प्रस्तुत गरिएको छ । प्रस्तुत अनुसन्धानको प्रस्तावना लेखनदेखि शोधपत्रको अन्तिम लेखाइसम्म  व्यस्तताको बावजुद पनि आफ्नो अमूल्य समय प्रदान गरी सहयोग, सल्लाह एवं कुशल निर्देशन प्रदान गर्नुहुने आदरणीय गुरु एवम् शोध निर्देशक सहायक प्राध्यापक गणेशप्रसाद दहालप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधप्रस्ताव स्वीकृत गरी यो शोधकार्य गर्ने अवसर प्रदान गरेकोमा शैक्षिक योजना तथा व्यवस्थापन विभागप्रति आभार व्यक्त गर्दछु । यसै गरी शोध लेखन कार्यमा आवश्यक सल्लाह, सुझाव एवम् मार्गदर्शन प्रदान गरी शोधपत्र तयार गर्ने वातावरण सिर्जना गरिदिनुहुने र स्वीकृती प्रदान गरिदिनुहुने विभागीय प्रमुख श्री केशवराज भट्टराई प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । शोधपत्र तयार गर्ने शिलशिलामा लेखन कार्यमा विशेष सरसल्लाह र सहयोग गर्नुहुने सम्पूर्ण साथीहरुलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । तथ्याङ्क सङ्कलनका क्रममा अन्तरवार्ता, अवलोकन तथा स्थलगत सर्वेक्षणमा सहभागिता जनाएर सहयोग पुर्‍याउनु हुने सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति, सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा अभिभावकहरुलाई पनि धन्यवाद दिन चाहन्छु । यसरी नै यस शोधकार्यको सेटिङ तथा टङ्कन कार्यमा सहयोग पुर्‍याउनु हुने योगेन्द्र दुलाललाई  धन्यवाद दिन चाहान्छु ।

दुर्गा सुवेदी

# शोधसार

प्रस्तुत शोध अध्ययन **निरन्तर मूल्याङ्कन प्रणाली** शीर्षकमा गरिएको छ । यस अध्ययनको मुल उद्देश्य सामुदायिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको लेखाजोखा गर्नु रहेको छ ।

स्किनरको कार्यपरक प्रतिक्रियाको सिद्धान्तलाई मुल सैद्धान्तिक आधार मानेर तथ्याङ्कको विश्लेषण गुणात्मक तथा परिमाणात्मक दुवै ढाँचाको सहयोगबाट गरिएको छ । यस अध्ययनमा मोरङ जिल्लाको केराबारी स्रोतकेन्द्रलाई छनोट गरी सो भित्रका केराबारी गाउँ विकास समिति भित्र पर्ने सामुदायिक विद्यालयहरुमध्येबाट ४ वटा विद्यालयलाई नमुनाको रुपमा लिइएको छ । साथै उक्त विद्यालयका प्रधानाध्यापकहरु, २/२ जना अभिभावकहरु, २/२ जन, शिक्षकहरु, २/२ जना विद्यार्थीहरु  र १ जना स्रोतव्यक्तिलाई नमुना जनसङ्ख्याको रुपमा लिइएको छ । यो अनुसन्धान कार्यलाई अगाडि बढाउन नमुना छनोटमा परेका व्यक्तिबाट अन्तरवार्ता, प्रश्नावली, अवलोकन फाराम, सर्वेक्षण फाराम, छलफलद्वारा प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ भने विद्यालयका अभिलेखहरुलाई द्वितीय स्रोतको रुपमा प्रयोग गरिएको छ । यसरी प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी प्रतिशतमा समेत प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

यस शोध अध्ययनबाट सामुदायिक विद्यालयका प्राथमिक तह (कक्षा ५) मा उदार कक्षोन्नती बारेको अस्पष्टताले गर्दा न्युनतम मापदण्ड नै पुरा नगरी अभिभावकको राय सुझाव विना नै कक्षोन्नती गर्ने गरेको पाइयो । निरन्तर विद्यार्थी मूल्याङ्कनसँग सम्बन्धित प्रभावकारी शिक्षक तालिमको अभाव, अभिलेखनका लागि उपयुक्त रेकर्ड फायलको अभाव तथा फायल भर्ने सम्बन्धमा अन्यौलता, उचित अनुगमन र निरीक्षणको अभाव रहेको पाइयो । निरन्तर मूल्याङकन प्रणालीलाई शिक्षण सिकाइको अङ्गको रुपमा नलिएको,झन्झटिलो र खर्चिलो प्रणालीका रुपमा लिएको, दिइएका सबै मापदण्डहरुको उचित प्रयोग नगरिएको अवस्था पाइयो । सबै विद्यालयले विद्यार्थीको मूल्याङ्कन कक्षागत र विषयगत सिकाई उपलब्धिको आधारमा दैनिक रुपमा गर्ने गरेको पाइएन ।

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रुपमा प्रयोगमा ल्याउनका लागि नीति निर्माण गर्ने माथिल्लो निकायले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई कार्यान्वयन गर्ने तल्लो निकाय विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुसँग आवश्यक छलफल तथा परामर्श लिएर अघि बढ्नुपर्ने, प्रभावकारी शिक्षक तालिमको व्यवस्था गर्नुपर्ने, उचित निरीक्षण तथा अनुगमनको व्यवस्था गर्नुपर्ने, सही रुपमा लागू गर्ने विद्यालयलाई पुरस्कृत गर्नुपर्ने, विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक

दरबन्दिको व्यवस्था गर्नुपर्ने,  शिक्षकलहरुलाई  निरन्तर मूल्याङ्कन प्रणालीका सबै मापदण्डको उचित प्रयोग गर्न प्रोत्साहन गर्नुपर्ने , यसलाई राष्ट्रिय अभियानका रुपमा लिएर सबै सामुदायिक विद्यालयहरुले कक्षा ७ सम्म नै तुरुन्त लागु गर्नु पर्ने जस्ता सुझावहरु दिइएको छ ।

# विषय सूची


सिफारिस पत्र I

स्वीकृति पत्र II

कृतज्ञता III

शोधसार IV

तालिकासूची VII

चित्रसूची VIII


## परिच्छेद एक : परिचय


१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ९

१.३ अध्ययनको उद्देश्य १०

१.४ अनुसन्धानात्मक प्रश्नहरू १०

१.५ अध्ययनको महत्व ११

१.६ अध्ययनको परिसीमा १२

१.७ प्रयोग भएका पारिभाषिक तथा प्राविधिक शब्दहरू १२


## परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका


२.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन १४

२.२ सम्बन्धित साहित्यको पुनरावलोकन १६

२.३ पुनरावलोकनको उपादेयता २१

२.४ सैद्धान्तिक/अवधारणात्मक ढाँचा २३

परिच्छेद तीन : अध्ययन विधि

३.१ अनुसन्धानात्मक ढाँचा २४

३.२ जनसङ्ख्या नमुना र नमुना छनोट रणनिती २४

३.३ अध्ययनको क्षेत्र २५

३.४ तथ्याङ्क संकलनका साधन र तरिकाहरू २५

३.४.१. अवलोकन फारम २५

३.४.२ प्रश्नावली २५

३.४.३ लक्षित समूह छलफल निर्देशिका २६

३.४.४ दस्तावेज पुनरावलोकन २६

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया २६

३.५.१ प्राथमिक स्रोत २७

३.५.२ द्वितीय स्रोत २७

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया २७

परिच्छेद चार : नतिजाको व्याख्या एवंम विश्लेषण

४.१ निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनको वर्तमान अवस्था २८

४.१.१ उदार कक्षोन्ती २८

४.१.२ निरन्तर मुल्याङकनका मापदण्डहरूको प्रयोगको अवस्था २९

४.१.३ निरन्तर मुल्याङकन प्रणालीमा अभिलेखिकरणको तरीका र प्रयोगको ३०

४.१.४ कार्य सञ्चयिका फायल प्रयोगको अवस्था ३०

४.१.५ विद्यार्थीका कार्य प्रगति विवरण ३१

४.२ निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनबाट विद्यार्थीमा परेको प्रभाव ३२

४.२.१ विद्यार्थीको शैक्षिक सहभागिताको अवस्था ३२

४.२.२ शैक्षिक उपलब्धि ३३

४.२.३ औसत सिकाइ उपलब्धि ३५

४.३ निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा देखिएका समस्याहरु पहिचान गर्ने ३६

४.३.१ प्रभावकारी तालिमको अभाव ३६

४.३.२ समयको अभाव ३७

४.३.३ अनुगमन तथा सुपरिवेक्षण सम्बन्धि समस्या ३७

४.३.४ निरन्तर मूल्याङ्कन फारम नियमित नभर्नु ३८

४.४ निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरू ३९

४.४.१ प्रभावकारी शिक्षक तालिमको व्यवस्था ३९

४.४.२ नियमित अनुगमन तथा सुपरिवेक्षण ३९

४.४.३ पाठ्यक्रम अनुसार नियमित मूल्याङ्कन फारम भर्नु ४०

४.४ प्राप्ति ४०

## परिच्छेद पाँच : निष्कर्ष र सुझाव

५.१ निष्कर्ष ४३

५.२ सुझावहरू ४४

५.२.१ नीतिगत तहमा ४४

५.२.२ अभ्यासगत तहमा ४५

५.२.३ अनुसन्धान तह ४६

सन्दर्भसूची

अनुसूचीहरू

# तालिकासूची


पेज नं.

तालिका नं. १ : निरन्तर मुल्याङकनका मापदण्डहरूको प्रयोग २९

तालिका नं. २ : शिक्षकले निरन्तर मुल्याङकन फायल भर्ने समय ३०

तालिका नं. ३ : कार्यसञ्चयिका फायलको प्रयोगको विवरण ३१

तालिका नं. ४ : विद्यार्थीका प्रगती विवरणको किसिम ३२

तालिका नं. ५ : विद्यार्थीको शैक्षिक सहभागिताको विवरण ३३

तालिका नं ६ : विद्यार्थीको शैक्षिक उपलब्धि विवरण ३४

तालिका नं.७ : औसत सिकाइ उपलव्धि विवरण ३५

# सङ्क्षिप्त शब्दावली

| | |
|---|---|
| शै.स. | : शैक्षिक सत्र |
| प्र.अ. | : प्रधानाध्यापक |
| वि.नि. | : विद्यालय निरीक्षक |
| प्रा.वि. | : प्राथमिक विद्यालय |
| नि.मा.वि. | : निम्न माध्यमिक विद्यालय |
| उ.मा.वि. | : उच्च माध्यमिक विद्यालय |
| पा.वि.के. | : पाठ्यक्रम विकास केन्द्र |
| जि.शि.का. | : जिल्ला शिक्षा कार्यालय |
| जि.शि.अ. | : जिल्ला शिक्षा अधिकारी |
| गा.वि.स. | : गाउँ विकास समिति |
| स्रो.के. | : स्रोतकेन्द्र |
| स्रो.व्य. | : स्रोतव्यक्ति |
| सि.उ. | : सिकाइ उपलब्धि |
| रा.शि.प.यो. | : राष्ट्रिय शिक्षा पद्धतिको योजना |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षालाई व्यक्तिको भावि जीवनको तयारीका रूपमा लिइन्छ । किनभने व्यक्तिको आचरणमा परिवर्तन, जटिल सामाजिक स्वरूप र संरचनामा समायोजन गर्ने काम शिक्षाको नै हो । शिक्षाकै माध्यमबाट मानिसले असल आचरणयुक्त सुशिक्षित व्यक्तित्व विकास गरेको हुन्छ । यस्तो व्यक्तित्व निर्माण गर्ने शिक्षालाई सामाजिक र आर्थिक विकासको प्रमुख आधार मानिएको छ । साँचो अर्थमा आधुनिक विकसित समाजको उपज नै शिक्षा हो । यो परिवर्तित समय र सन्दर्भअनुसार निरन्तर अघि बढिरहन्छ (पाविके, २०६६) । सोहीअनुसार मानव सभ्यताको विकासक्रमसँगै मानिसले शिक्षा आर्जन गर्ने प्रक्रियामा पनि परिवर्तन हुँदै आएको छ । विज्ञान र प्रविधिको विकास सँगसँगै देखापरेका नयाँ-नयाँ ज्ञान, सीप र धारणाहरूलाई एकीकृत र सङ्गठित बनाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्न लिखित दस्तावेजका रूपमा पाठ्यक्रम आफैं पनि परिवर्तनशील रूपमा अघि बढिरहेको पाइन्छ (कट्टेल र अधिकारी, २०६७) ।

यही परिवर्तनशील पाठ्क्रमका चार तत्वहरूमध्ये मूल्याङ्कनलाई पाठ्यक्रमको महत्वपूर्ण तत्व मानिन्छ (शर्मा र शर्मा, २०६१) । मूल्याङ्कनको शाब्दिक अर्थ 'मूल्य दिनु' हो । त्यसैले मूल्याङ्कनले अवलोकन तथा अन्य माध्यमबाट प्राप्त सूचनाका आधारमा मूल्य निर्धारण गर्ने काम गर्दछ । मूल्याङ्कनका विभिन्न फाँटहरूमध्ये विद्यार्थी मूल्याङ्कन एक हो (पराजुली र अन्य, २०६५) । विद्यालय शिक्षाका सन्दर्भमा विद्यार्थीको सिकाइ मूल्याङ्कन गर्ने प्रमुख दुई तरिकाहरू मध्ये निर्णयात्मक मूल्याङ्कनलाई नै विद्यार्थी मूल्याङ्कनको पर्यायका रूपमा लिइँदै आइएकामा हिजोआज निर्माणात्मक/सुधारात्मक उद्देश्यले गरिने मूल्याङ्कनले प्राथमिकता पाउन थालेको देखिन्छ र यसैलाई नै विद्यार्थी मूल्याङ्कन भन्ने गरिएको छ । शिक्षण सिकाइ प्रभावकारी बनाउन र पाठ्यक्रमले लक्ष्य गरेका सिकाइ उद्देश्यहरू विद्यार्थीमा पूरा गराउन गरिने मूल्याङ्कन निर्माणात्मक मूल्याङ्कन हो । शिक्षण सिकाइलाई प्रभावकारी बनाउने उद्देश्यअनुसार निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ क्रियाकलापसँगै निरन्तर चलिरहन्छ । त्यसैले निर्माणात्मक मूल्याङ्कनलाई नै सरल भाषामा निरन्तर विद्यार्थी मूल्याङ्कन भनिएको हो (पाविके, २०६८) ।

निरन्तर विद्यार्थी मूल्याङ्कन भनेको विद्यार्थीहरूले गरेको प्रगतिको नियमित लेखाजोखा गर्ने परिपाटी हो । यो एउटा अनौपचारिक पद्धति हो जुन पूर्णरूपमा निर्माणात्मक मूल्याङ्कन प्रणालीमा

आधारित छ । यसमा विभिन्न विधि तथा साधनहरू अपनाइन्छन् । यो हरेक शिक्षण सिकाइ क्रियाकलापसँगै आवश्यकता अनुसार नियमित रूपमा सञ्चालन  गरिन्छ । यसमा पाठ्यक्रममा तोकिएका सिकाइ उपलब्धिहरू नै शिक्षण एवम् मूल्याङ्कनका आधार मनिन्छन् । निरन्तर विद्यार्थी मूल्याङ्कन पाठ्यक्रममा आधारित मूल्याङ्कन पद्धति हो । पाठ्यक्रमका सिकाइ उपलब्धिका आधारमा विद्यार्थीको प्रगतिको लेखाजोखा र शैक्षिक उपलब्धिको व्याख्या गरिने भएकाले यसलाई आधार प्रासङ्गिक परीक्षण भन्ने गरिन्छ । यसर्थ निरन्तर मूल्याङ्कनलाई पाठ्यक्रम र शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा पनि लिइन्छ (पाविके, २०६६) ।

निरन्तर विद्यार्थीको मूल्याङ्कन एउटा चलिरहने प्रक्रिया हो, यो कुनै एउटा मूल्याङ्कनजन्य क्रियाकलाप नभएर धेरै र सम्भाव्य सबै क्रियाकलापहरूको समायोजित र एकीकृत प्रक्रिया हो । यो 'सिकाइका लागि मूल्याङ्कन' र 'सिकाइका रूपमा मूल्याङ्कन' दुवैको एकीकृत रूप हो (गौतम, २०६८) । त्यसैले यी उद्देश्य प्राप्तिका लागि नेपालमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गरिएको पाइन्छ : बीचैमा विद्यालय छाड्ने र कक्षा दोहोर्‍याउने विद्यार्थी सङ्ख्या कम गर्ने, विद्यार्थीलाई नियमित विद्यालय आउने वातावरण सृजना गर्ने, विद्यार्थीमा परीक्षामा अनुत्तीर्ण हुने सन्त्रास हटाउने, विद्यार्थीले नसिकेका कुराहरूबारे समयमै जानकारी प्राप्त गर्न र सुधारात्मक शिक्षणका माध्यमले थप मद्दत गर्ने, प्रभावकारी शिक्षण सिकाइका लागि उपयोग गर्ने, विभिन्न साधन तथा माध्यमको प्रयोग गरी विद्यार्थी सिकाइको लगातार र नियमित लेखाजोखा गर्ने परिपाटी बसाल्ने, उदार कक्षोन्नतिको नीति लागू गर्ने, प्राथमिक शिक्षाको गुणात्मक विकासमा सहयोग पुर्‍याउने, अधिकतम विद्यार्थीलाई तह पूरा गराई शैक्षिक क्षति कम गर्ने जस्ता उद्देश्यका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोगलाई जोड दिइएको पाइन्छ (अधिकारी, २०६६) ।

निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि आवश्यकताअनुसार विभिन्न विधि तथा साधनहरू अपनाउन सकिन्छ । त्यस्ता केही विधि तथा प्रविधिहरूमा खेल विधि, प्रश्नोत्तर विधि, छलफल विधि, भूमिका निर्वाह तथा अभिनय विधि, समस्या समाधान विधि, लिखित परीक्षा, अवलोकन, अभिलेख अध्ययन, अभिभावक सम्पर्क, अतिरिक्त क्रियाकलाप कार्यसञ्चयिका अध्ययन, आत्ममूल्याङ्कन, सहपाठी मूल्याङ्कन घटनावृत्त अभिलेख, रूजु सूची, श्रेणी मापन, प्रगति विवरण, कक्षाकार्य र गृहकार्य, परियोजना कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, हाजिरी रहेका छन् (पाविके, २०६८) । त्यसैगरी उपस्थिति, कक्षा सहभागिता र कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, पोर्टफोलियोलाई निरन्तर विद्यार्थी मूल्याङ्कनका प्रमुख आधारहरू मानिन्छन् (लामिछाने, २०६८) ।

यस्तो अनौपचारिक प्रकृतिको निरन्तर मूल्याङ्कन प्रणालीका दार्शनिक दृष्टिकोणहरू खोज्दै जाँदा सिङ्गो मूल्याङ्कन प्रक्रियासम्म पुग्नुपर्ने हुन्छ । जबकि विविध कारणहरूले गर्दा शैक्षिक मूल्याङ्कनको क्षेत्रमा एउटा मात्र अर्थ बुझाउने दर्शनको विकास भएको पाइँदैन  अथवा मूल्याङ्कन कार्यलाई मार्गदर्शन गर्ने एक दर्शनशास्त्र हालसम्म देखिएको छैन । फलस्वरूप आजसम्म मूल्याङ्कनको बजारमा लगभग ७० जति मूल्याङ्कन नमुनाहरू (Models) आइसकेका छन् । तथापि House (1980, 1983) ले ज्ञानको खोज गर्ने वा सत्यको खोज गर्ने (Epistemology) का बारेमा लेख्दै मूल्याङ्कनको क्षेत्रमा विषयगतवादी (Subjectivism) र वस्तुगतवादी (Objectivism) दुई प्रकारका दार्शनिक धारहरू हुने र ती दार्शनिक धारहरूले मूल्याङ्कनका विधिहरूको छनौट र प्रयोगमा प्रभाव पार्ने कुरा स्पष्ट पारेका छन् । House (1983) का अनुसार प्रस्तुत दुवै विचारधाराको आधारमा उभिएर आज मूल्याङ्कन सम्बन्धी नमुनाहरू विकसित भएको पाइन्छन् (खनाल, २०६५) ।

यिनै मूल्याङ्कन नमुनाहरूको पृष्ठभूमिमा कुनै न कुनै रूपमा टेकेर Scriven (1967) द्वारा प्रतिपादित तथा निर्माणवाद (Constructivism) बाट निर्देशित मूल्याङ्कनको सुधारात्मक वा निर्माणात्मक सिद्धान्त विकसित भएको देखिन्छ ।

निर्माणवाद (Constructivism) ले विद्यार्थीको उपलब्धि उच्च छ भनेर शिक्षकले चित्त बुझाएर वस्नुहुन्न; अझ उच्च बन्ने तथा नयाँ किसिमको सिकाइ अथवा ज्ञान निर्माणको सम्भावना देख्नुपर्छ भन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन वा निर्माणात्मक मूल्याङ्कनले पनि त्यही बाटो समात्छ । यसै सन्दर्भमा, Black and William (1998) ले मूल्याङ्कन निरन्तर हुँदा यसको विश्वासनीयता बढ्ने, विद्यार्थीले समयमै पृष्ठपोषण पाउने साथै सिकाइ प्रक्रियामा विद्यार्थी तथा शिक्षक दुवैको गुणस्तरीय सहभागिता रहने कुराको निष्कर्ष दिएका छन् । उनीहरूको नौ वर्षे लामो अनुसन्धानमा १६० जर्नलमा छापिएका ५८० वटा अनुसन्धानमूलक लेखको अध्ययनले निर्माणात्मक मूल्याङ्कन (निरन्तर चलिरहने) ले विद्यार्थीमा सिकाइको रूचि जगाइदिन्छ, आत्मनिर्भरता बढाउँछ, तार्किक क्षमता र योजना निर्माण क्षमताको विकास गरिदिन्छ भन्ने निचोड दिएका छन् । Lambert and Lines (2000) ले मूल्याङ्कन प्रक्रिया मूल्याङ्कनको उपलब्धि जत्तिकै महत्वपूर्ण हुन्छ, यसलाई शिक्षण प्रक्रियाबाट अलग गरेर हेर्न सकिँदैन भनेका छन् । Harlen (2006) ले विद्यार्थीले के सिक्यो भन्दा पनि कसरी सिक्यो भन्ने कुरा महत्वपूर्ण हो भनेका छन् । मैले के सिकेँ वा कसरी सिकेँ भन्ने विषयको सही ज्ञान सिकारू स्वयम्लाई मात्र हुने भएकाले उनले आत्ममूल्याङ्कन अत्यावश्यक ठानेका छन् । Wilson and Bertenthal (2006) ले ‘गर र मर’ को स्थिति झल्कने एउटै मात्र

अवसर, प्रगति र जाँचभन्दा निरन्तर चलिरहने र धेरै किसिमका क्रियाकलाप संलग्न भएको मूल्याङ्कन राम्रो हो भनेका छन् । उनीहरूले मूल्याङ्कनको प्रमुख उद्देश्य; सिकाइको स्तरोन्नति हुनुपर्ने विचार दिएका छन् (गौतम, २०६८) । शिक्षाको आधारभूत धेय पनि त्यही नै हो ।

मानव विकासको सुरूवातसँगै मूल्याङ्कन प्रक्रियाको प्रारम्भ भएको अनुमान गरिए तापनि प्रामाणिक रूपमा औपचारिक मूल्याङ्कन प्रक्रिया आजभन्दा दुई हजार बी.सी. अगाडि नै चीनमा प्रशासनिक सेवामा कर्मचारीहरूको छनौट गर्न प्रयोग गरिएको परीक्षणबाट भएको ऐतिहासिक तथ्य भेटिन्छ । तथापि अनौपचारिक मूल्याङ्कन प्रक्रिया अर्थात् निर्माणात्मक/निरन्तर मूल्याङ्कनको सुरूवात भने सन् १९६७ देखि मात्र भएको पाइन्छ । सन् १९६७ मा Michael Scriven ले अमेरिकाको क्यालिफोर्निया विश्वविद्यालयमा प्रस्तुत गरेको The Methodology of Evaluation शीर्षकको कार्यपत्रमा मूल्याङ्कनको लक्ष्य र भूमिकालाई स्पष्ट पार्नुका साथै मूल्याङ्कनलाई निर्णयात्मक र निर्माणात्मक गरी दुई वर्गमा वर्गीकरण समेत गरेका थिए । यस कार्यपत्रमा विशेषगरी निर्माणात्मक मूल्याङ्कनका विषयमा चर्चा गरिएको थियो (जबरा र अन्य, २०६५) । Benzamin Bloom ले निर्माणात्मक मूल्याङ्कनबाट शिक्षक विद्यार्थीमा पृष्ठपोषण आदानप्रदान गर्न सकिने, मूल्याङ्कन निरन्तर हुनुपर्ने, शिक्षक निर्मित जाँच, श्रेणी मापन (Rating Scale) जस्ता साधनहरूको प्रयोग गरी लगातार मूल्याङ्कन हुने विशेषता उल्लेख गरेका छन् (शर्मा र शर्मा, २०६५) ।

ब्लुम (१९८४) का अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कनको सुरूवात निर्माणात्मक मूल्याङ्कनको अवधारणासँगै सुरू भएको हो । सन् १९९० को दशकमा अफ्रिका लगायतका विकासशील देशहरूमा प्रचारप्रसार हुँदै यस नामबाट परिचित भएको हो । अहिले विद्यार्थी मूल्याङ्कनमा रहेका सम्पूर्ण वैकल्पिक मूल्याङ्कन प्रक्रियाहरू जस्तै आधिकारिक मूल्याङ्कन (Authentic asessment), कार्यसञ्चयिका मूल्याङ्कन (Portfolio assessment), कार्य सम्पादन मूल्याङ्कन (Performance assessment) लगायत विषयहरू समेटिने हुनाले यो अझै प्रभावकारी बन्दै गएको देखिन्छ (गौतम, २०६८ : ३३) ।

नेपालमा शिक्षा प्रणालीको सुरूवात सँगसँगै मूल्याङ्कन प्रणालीको विकास हुँदै आएको पाइन्छ । तथापि मूल्याङ्कनको औपचारिक सुरूवात वि.सं. १९६२ मा स्रेस्ता पाठशाला खुलेपछि वि.सं. १९६७ मा जाँचपास अड्डाको स्थापना भएपछि त्यहाँका विद्यार्थीहरूको स्तर जाँच गर्न परीक्षा दिने गरिएबाट भयो भने यसको कानुनी स्वरूपको थालनी वि.सं १९९६ मा शिक्षाको इस्तिहार जारी गरिएबाट भयो । २००७ सालको राजनैतिक परिवर्तनपछि वि.सं. २०११, २०१८ र २०२४ मा गठित आयोगका

प्रतिवेदनहरूमा आन्तरिक मूल्याङ्कनका सम्बन्धमा पनि विभिन्न सुझावहरू प्रस्तुत गरिएको भए पनि ती सुझावहरू कार्यान्वयनमा आउन सकेनन् । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८–२०३२ ले भने दिइएका सुझावहरूलाई ख्याल गर्दै मूल्याङ्कनको परम्परागत धारणामा परिवर्तन गरी आन्तरिक मूल्याङ्कनमा जोड दियो । सोहीअनुसार अनौपचारिक मूल्याङ्कनअन्तर्गत निरन्तर रूपमा गरिने मूल्याङ्कनका कक्षाकार्य, गृहकार्य, कक्षाउपस्थिति, लगनशीलता, अनुशासन, अतिरिक्त क्रियाकलाप जस्ता विषयअनुसार २० देखि ५० प्रतिशतसम्म आन्तरिक मूल्याङ्कन गर्ने जस्ता व्यवस्था कार्यान्वयनमा ल्याइयो । तर यो आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइलाई पृष्ठपोषण गर्ने, निरन्तर गर्ने र शिक्षण सिकाइमा सुधार गर्ने कार्यमा प्रयोग गर्ने नगरेको पाइएको गुनासा सहित पाठ्यक्रम कार्यान्वयन योजना (२०३८) पछि विद्यालयहरूमा आन्तरिक मूल्याङ्कन गर्ने परिपाटी पनि क्रमशः हट्दै गयो (वाग्ले र पौडेल, २०६८) फलतः आवधिक लिखित परीक्षामा आधारित मूल्याङ्कन प्रणालीको प्रभुत्व कायमै रह्यो जसबाट शैक्षिक क्षति झन् बढ्दै गयो (खनाल र अन्य, २०६८) ।

यसै तथ्यलाई मनन् गरी राष्ट्रिय शिक्षा आयोग (२०४९) ले आफ्नो प्रतिवेदनमा प्राथमिक कक्षाका बालबालिकाहरूको मूल्याङ्कन गर्ने नियमित परिपाटी बसाल्नुपर्ने, मूल्याङ्कनलाई पठनपाठनका साथै वर्षैभरि चलिरहने नियमित शैक्षिक क्रियाकलापका रूपमा लिइनुपर्ने जस्ता सुझावहरू दियो । त्यसैगरी उच्च स्तरीय शिक्षा आयोग (२०५५) ले कक्षा दोहोर्याउने र बीचैमा विद्यालय छाड्ने अवस्थाबाट सिर्जित शैक्षिक क्षतिलाई घटाउन र निरन्तर मूल्याङ्कनको माध्यमबाट विद्यार्थीहरूलाई पढाइमा थामिराख्न कक्षा १ देखि ३ सम्म विद्यार्थीहरूले स्वाभाविक रूपमा तल्लोकक्षाबाट माथिल्लो कक्षामा चढ्न पाउने उदार कक्षोन्नतिको व्यवस्था गर्नुपर्ने सुझाव दियो भने विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति र कार्यक्रमको अवधारणा-पत्र (२०५८) ले समेत प्राथमिक विद्यालय तह (१–५) कक्षामा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्नुपर्ने कुरामा जोड दियो (पौडेल, २०६३) ।

प्रस्तुत सुझावहरूका आधारमा नेपाल सरकारले नवौं पञ्चवर्षीय योजना (२०५४–२०५८) देखि प्राथमिक तहको कक्षा १–३ बाट निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली प्रारम्भ गर्ने र उदार कक्षोन्नति नीतिको परीक्षण कार्यान्वयन गर्ने नीति लियो । नवौं योजनाको यसै कार्यक्रमअनुसार आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको गुरूयोजना १९९७ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई परीक्षणका रूपमा पाँच विकास क्षेत्रका पाँचवटा जिल्ला क्रमशः इलाम, चितवन, स्याङ्जा, सुर्खेत र कञ्चनपुर जिल्लामा सञ्चालन गरी शैक्षिक सत्र २०५६/२०५७ तिरबाट यसै

नामबाट नीतिगत रूपमै लागू गर्ने पहल गरियो । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना दोस्रोले समेत यसलाई एउटा अवयवका रूपमा लिई जोड दियो (खनाल र अन्य, २०६८) ।

उक्त नीतिगत पहल तथा मूल्याङ्कनलाई सीमित गर्न नहुने, निरन्तरता हुनुपर्ने र शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा शिक्षण सिकाइमा निरन्तर पृष्ठपोषण प्रदान गर्ने किसिमले सञ्चालन गर्नुपर्ने जस्ता विचारहरू आइरहेको सन्दर्भमा २०४९ सालको परिमार्जित पाठ्यक्रमको कार्यान्वयनको सिलसिलामा नेपालमा प्राथमिक तहमा निरन्तर मूल्याङ्कनको अवधारणाको प्रारम्भ र कार्यान्वयन सुरू भएको देखिन्छ (वाग्ले र पौडेल, २०६८) ।

सुरूको अवस्थामा यस पद्धतिलाई नमुना (Pilot) प्रणालीअनुसार लागू गर्ने प्रयास गरियो । यसको प्रभावकारिता अध्ययनसमेत भयो तर परिणाम सकारात्मक नआएपछि यसले पूर्ण रूपमा गति लिन सकेन । मूल्याङ्कनको यो प्रणालीप्रति नै प्रसस्त प्रश्नहरू उठ्ने ठाउँ रह्यो तथापि यसलाई उदार कक्षोन्नतिका साथ अघि बढाउने पुनः नीतिगत निर्णय भयो र सोहीअनुसार अभ्यास गर्ने प्रयास भयो । फलस्वरूप विषयगत रूपमा सिकाइ उपलब्धि मापन गर्ने प्रयास स्वरूप कार्यसञ्चयिका फाइलहरू तयार गरी विद्यालयमा वितरण गर्ने प्रयास भयो तर परीक्षणका विद्यालयहरू बाहेक अन्य विद्यालयहरूमा सघन रूपमा यी साधनहरू उपलब्ध गराउन सकिएन । यस्तो अवस्थामा निरन्तर विद्यार्थी मूल्याङ्कन  र उदार कक्षोन्नतिका बीचमा तादम्यता विल्कुलै रहेन र निरन्तर विद्यार्थी मूल्याङ्कन नीति विरामी नीति (Sick Policy) को अवस्थामा रहिरह्यो । पूर्ण रूपमा (Full Fledge) मा कार्यान्वयनमा आउन सकेन ।

यसै सन्दर्भमा, नेपालमा निरन्तर विद्यार्थी मूल्याङ्कन परीक्षणको पृष्ठपोषण प्रतिवेदन ( २०००) का अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कन एउटा कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलापमा व्यावहारिक सुधार ल्याउने प्रक्रिया हो भने उदार कक्षोन्नति (Liberal Promotion Policy) कक्षा उत्तीर्ण जस्ता प्रक्रियाहरूसँग सम्बन्धित सरकारको नीति (Government Policy) हो भन्ने कुरामा स्पष्टै हुनुपर्ने जरूरी देखिन्छ (पाविके, २०६६) ।

वर्तमानमा आएर निरन्तर विद्यार्थी प्रणालीले आफ्नो परीक्षण अवधिमा विद्यार्थीको सिकाइ उपलब्धि, उपस्थिति, विद्यालय छाड्ने दर जस्ता पक्षमा खासै सुधार नआएकाले परीक्षण कार्यक्रम नै असफल भएको भन्ने प्रतिवेदनको निचोडसमेतलाई आधार मानी यस मूल्याङ्कन प्रणालीलाई थप नीतिगत व्यवस्था तथा व्यावहारिक सुधार गर्ने कोसिस गर्दै आएको पाइन्छ (आयाम, २०६८) । जसअनुसार प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ लाई शैक्षिक सत्र २०६३ मा पाठ्यक्रम विकास

केन्द्रद्वारा परिमार्जन गरी शैक्षिक सत्र २०६३ देखि नेपाल अधिराज्यभरि यस मूल्याङ्कन प्रणालीलाई कक्षा १–३ सम्म अनिवार्य रूपमा लागू गरियो । त्यस्तै परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) का अनुसार शैक्षिक सत्र २०६६ देखि कक्षा ४ सम्म र शैक्षिक सत्र २०६७ देखि कक्षा ५ सम्म लागू भैसकेको छ । यस क्रमलाई क्रमशः कक्षा ७ सम्म पुर्‍याउने नीति रहेको देखिन्छ (प्राथमिक शिक्षा पाठ्यक्रम, २०६५) ।

तर विगतमा तयार गरिएका विषयगत सिकाइ उपलब्धि सूचकहरू सहितको मूल्याङ्कन साधन ज्ञान पक्षसँग बढी झुकाव भएको, सरल र व्यावहारिक नभएको जस्ता प्रतिक्रियाहरू व्यक्त हुन थालेपछि मूल्याङ्कन प्रणालीमा केही सुधार गरी सरल र सहज बनाउने प्रयत्न भएको छ (पाविके, २०६६) । यसका लागि प्राथमिक शिक्षा पाठ्यक्रम प्रारूप (२०६२/२०६५), राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०६३), तीनवर्षीय अन्तरिम योजना (२०६४), विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६२–२०६७) का साथै तिनीहरूको कार्यान्वयनका लागि तयार गरिएका निर्देशिका तथा सहयोग सामग्रीहरूले विभिन्न नीति, कार्यनीति एवम् कार्यान्वयन नीतिहरूको महत्वपूर्ण व्यवस्था गरी तत्सम्बन्धी दिशानिर्देश गर्दै आएको पाइन्छ (पाविके, २०६८) । जसअनुसार विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, व्यावहारिक परिवर्तन, सिर्जनात्मक कार्य, हाजिरी, क्रियाकलापमा आधारित सहभागिता आदिका आधारमा मूल्याङ्कन गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइललाई अध्यावधिक गर्नु पर्नेछ । यसरी तयार हुने विद्यार्थी विवरण प्रत्येक महिना अभिभावकहरूलाई जानकारी गर्नका लागि पठाउनु पर्ने व्यवस्था छ ।

विद्यालयमा कम उपस्थित हुने, सिकाइ उपलब्धि न्यूनस्तरमा हासिल गर्ने र अन्य पक्षहरूमा पनि कार्य सम्पादन न्यून भएका विद्यार्थीहरूलाई पुनः सिक्ने अवसर प्रदान गर्न शिक्षक, प्र.अ. तथा अभिभावकहरूको संयुक्त निर्णयबाट कक्षोन्नति गर्ने व्यवस्था छ । यसबीचमा प्रत्येक विद्यार्थीको सिक्ने अवसरलाई प्रवर्धन गर्न सुधारात्मक शिक्षण गर्नुपर्ने समेतको व्यवस्था छ । विद्यार्थीलाई उत्तीर्णाङ्क कटाउने र राम्रो अङ्क ल्याउने तनावलाई हटाउन अक्षर अङ्क प्रणाली (Letter Grading System) लाई कार्यान्वयनमा ल्याई 'क', 'ख' र 'ग' श्रेणीमा वर्गीकरण गरिने व्यवस्था छ । यो व्यवस्था हाललाई कक्षा १–५ सम्म लागू गरिएको छ जसमा १-५ सम्म लागि कुल पूर्णाङ्कको ५० प्रतिशत निर्णयात्मक (वार्षिक परीक्षा) पद्धतिबाट र बाँकी ५० प्रतिशत निरन्तर मूल्याङ्कनबाट लेखाजोखा गरी यी दुवै पद्धतिको माध्यमबाट विद्यार्थीको कक्षोन्नति गरिने व्यवस्था मिलाइएको छ (पाविके, २०६६) । त्यस्तै कक्षा ६–७ मा शिक्षण प्रक्रियामा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोग गर्दै

४० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ६० प्रतिशत वार्षिक परीक्षा प्रणालीमा आधारित भई विद्यार्थी मूल्याङ्कन गरिने व्यवस्था छ (पाविके, २०६८) ।

यद्यपि यस मूल्याङ्कन प्रणालीको कार्यान्वयन प्रभावकारी हुन सकिरहेको देखिँदैन । यसलाई पाठ्यक्रममा त राखियो तर सरकारले न शिक्षकलाई यसको विस्तृत ज्ञान, सीपको विकास गराउन सक्यो; न त कार्यान्वयनका लागि आवश्यक बजेट र कार्यक्रम नै । शिक्षा विभागले बल्ल आ.व. २०६७/२०६८ मा यसको अभिमुखीकरण र कार्यसञ्चयिका फाइल फाराम तयारीका लागि रू. १५ करोड छुट्याएको भए तापनि त्यो न्यून बजेट निकासा पनि समयमै हुन सकेन (आयाम, २०६८) । अन्ततः विद्यालयहरूले निर्णयात्मक मूल्याङ्कनलाई नै मूल्याङ्कनको मुख्य आधार बनाइरहेको यथार्थता हाम्रो सामु छ । नीतिलाई कार्यक्रमले जुन मात्रामा समर्थन गर्नुपर्ने हो त्यो हुन सकिरहेको छैन । शिक्षकमा सीप र सकारात्मक अभिवृत्तिको पर्याप्त विकास, सरकारमा जागरूकता, अभिभावकमा सचेतना, विद्यालयमा व्यवस्थापकीय क्षमता विकास र सम्बन्धित निकायको अनुगमन, सुपरीवेक्षण तथा स्पष्ट निर्देशनको खाँचो अझै टड्कारो रूपमा देखिएको छ । यस मूल्याङ्कन प्रणालीको बाध्यात्मक व्यवस्था, ऐन, नियम र व्यवहारमा नभएको अवस्थाले समेत यो केवल ऐच्छिक मूल्याङ्कन प्रणाली जस्तो मात्र भएको छ (पाविके, २०६६) ।

प्रस्तुत सन्दर्भमा, शैक्षिक सत्र २०६३ बाट सुरू भई हाल सञ्चालनमा रहेको यस मूल्याङ्कन प्रणालीको कार्यान्वयन को अवस्था के कस्तो रहेको छ वा यसलाई व्यवहारमा के कसरी उतार्ने गरिएको छ भन्ने विषयलाई अध्ययनको मुख्य विषयवस्तु बनाई तत्सम्बन्धी खोज गर्न यस अध्ययनलाई अघि बढाइने छ ।

## १.२ समस्याको कथन

विश्वका सबै मुलुकहरूमा शैक्षिक गुणस्तर र पहुँचलाई सम्बोधन गर्न विश्व बाल अधिकारसम्बन्धी महासन्धि, सबैका लागि शिक्षा र सहस्राब्दी विकासका लक्ष्यजस्ता अन्तर्राष्ट्रिय समझदारीका आधारमा व्यक्ति, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय समुदायबाट प्रयासहरू भैरहेका छन् । यी सबै प्रयासको केन्द्रविन्दु सिकारू (विद्यार्थी) लाई मानिएको छ । उनीहरूमा आएको परिवर्तन र प्रगति नै शैक्षिक विकासको आधार हुने हुनाले शिक्षण गतिविधि भइरहेकै अवस्थामा कमीकमजोरी पत्ता लगाई सुधार गर्दै असल व्यवहार निर्माण गर्ने उद्देश्यले निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई अग्रसारित गरिएको छ ।

तर हाम्रो अवस्था भिन्न छ । हाम्रा विद्यालयहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन शैक्षिक सत्र २०६३ देखि हुँदै आएको भए पनि यो नीति विरामी नीति (Sick Policy) तथा ऐच्छिक मूल्याङ्कन प्रणाली जस्तो भएको छ । पाठ्यक्रमको मर्म र भावनाअनुरूप अझै पनि कार्यान्वयन  हुन नसकेको गुनासो विद्यालयका सरोकारवालाहरू तथा विभिन्न पत्रपत्रिका साथै शिक्षकहरू मार्फत प्राप्त हुने गरेका छन् भने अर्कातिर निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिका माध्यमबाट विद्यार्थीलाई उदार कक्षोन्नति नीतिका आधारमा कक्षोन्नति गर्दा जाँचै नलिई लेखपढ गर्न नजानेका समेत सबै विद्यार्थीलाई माथिल्लो कक्षामा लगियो भन्ने विभिन्न क्षेत्रबाट जनगुनासो पनि आउने गरेका छन् । शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई बोझका रूपमा लिने गरेको सुनिन्छ भने विद्यार्थीहरूले नपढे पनि पास भइहालिन्छ, अनि किन पढ्नु जस्ता प्रतिक्रिया व्यक्त गर्न थालेको पाइन्छ । तर पनि विद्यार्थी मूल्याङ्कनको आजसम्मको अभ्यासको क्षेत्रमा यसै मूल्याङ्कन प्रणालीलाई अझै प्रभावकारी र व्यवस्थित गर्दै लैजानु आजको आवश्यकता भैसकेको छ ।

त्यसैले सबैका लागि शिक्षा कार्यक्रमको सन् २०१५ सम्ममा प्राथमिक तह पूरा गर्ने दर ९०% पुऱ्याउने लक्ष्यका साथ हाम्रा विद्यालयहरूमा कार्यान्वयनमा ल्याइएको यस मूल्याङ्कन पद्धतिको क्रियान्वयन कसरी भैरहेको छ ? यसको हालसम्मको क्रियान्वयनको अवस्था के कस्तो छ वा यसलाई यसको मर्म र भावनाअनुसार व्यवहारमा उतार्ने गरिएको छ कि छैन ? यस मूल्याङ्कन प्रणालीको कार्यान्वयन बाट विद्यार्थीको उपस्थिति वा नियमितता तथा सिकाइ उपलब्धिमा के कस्तो प्रभाव परेको छ र यसको क्रियान्वयन गर्दा के कस्ता विधि तथा साधनहरू प्रयोग गर्ने गरिएको छ ? क्रियान्वयनका क्रममा के कस्ता समस्या तथा बाधाहरू आइपरे र अझै प्रभावकारी तथा व्यवस्थित बनाउन के कस्ता प्रयासहरू गर्न आवश्यक छ ? जस्ता पक्षहरूका विषयमा अध्ययन अनुसन्धान गर्नु आजको आवश्यकता  हो ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

(क) निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयन को स्थिति पहिचान गर्ने ।

(ख) निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयन बाट विद्यार्थीमा परेको प्रभाव विश्लेषण गर्ने ।

(ग)	निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयन मा देखिएका समस्याहरू पहिचान गर्ने ।

घ)	निरन्तर मुल्याङ्कन प्रणालिको कार्यान्वयनमा देखिएका समस्या समाधानका उपाहरूको खोज गर्ने

## १.४ अनुसन्धानात्मक प्रश्नहरू

यो अनुसन्धानमा देहायअनुसारका प्रश्नहरू रहेका छन् :

(क)	आधारभूत तहका विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयन अवस्था के कस्तो छ ?

(ख)	निरन्तर मूल्याङ्कन प्रणाली अपनाउँदा के कस्ता विधि/साधनहरूको प्रयोग कसरी गरिएका छन् त ?

(ग)	निरन्तर मूल्याङ्कनको मुख्य आधारहरू के केलाई लिइएको छ ?

(घ)	निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयनले विद्यार्थीको नियमिततामा के कस्तो प्रभाव पारेको छ ?

(ङ)	निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनले विद्यार्थीको सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पारेको छ ?

(च)	निरन्तर मूल्याङ्कन प्रणाली व्यवस्थित एवम् प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि के कस्ता उपायहरू अपनाउनु पर्ला ?

## १.५ अध्ययनको महत्व

कुनै पनि कार्यक्रमको नीतिगत व्यवस्था राम्रो या नराम्रो भन्ने कुरा त्यसको कार्यान्वयनपछिको कार्यान्वयन  अवस्था अर्थात् व्यावहारिक पक्षको चित्रणपछि मात्र पहिचान हुन्छ । त्यसैले हाम्रा विद्यालयहरूमा पाठ्यक्रमले व्यवस्था गरेबमोजिम कार्यान्वयनमा ल्याइएको यस निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली उपयुक्त ढङ्गमा कार्यान्वयनमा रहे नरहेको; यसको कार्यान्वयन बाट विद्यार्थीमा परेको प्रभाव तथा यसका शिक्षण विधिका प्रयोगको यथार्थ अवस्था पत्ता लगाउन र

उपयुक्त ढङ्गमा कार्यान्वयन  हुन नसकेको भए यस पद्धतिलाई प्रभावकारी बनाउन के कस्ता उपायहरू अपनाउन सकिन्छ भन्ने विषयमा खोजी गर्नु त्यसै पनि औचित्यपूर्ण कार्य हो । त्यसमाथि विद्यार्थीको समग्र उपलब्धिका बारेमा जानकारी दिने महत्वपूर्ण विषय निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको "कार्यान्वयन  अवस्था" अर्थात् व्यवहारिक पक्षको आजसम्म स्थलगत अध्ययन अनुसन्धान हुन नसकिरहेको सन्दर्भमा प्रस्तुत अध्ययन शीर्षकको विषयवस्तुमाथि खोज अध्ययन अनुसन्धान गरिनु आफैंमा औचित्यपूर्ण ठहर्छ ।

शिक्षण सिकाइको एक महत्वपूर्ण अङ्ग निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिका विषयमा हुने यस अनुसन्धानले शैक्षिक क्षेत्रका सबै सरोकारवालाहरूलाई फाइदा पुग्नेछ । यस अध्ययनको प्राप्तिले पाठ्यक्रम कार्यान्वयनका क्रममा रहेका प्रधानाध्यापक, शिक्षक, शैक्षिक प्रशासक तथा नीति निर्माताहरूलाई प्रत्यक्ष रूपमा सहयोग पुग्नेछ । अभिभावकका लागि आफ्ना बालबालिकाको सिकाइको गुणात्मक स्थिरता पहिचान गर्न, शैक्षिक योजनाकारहरूका लागि योजना निर्माण गर्न; पाठ्यक्रम निर्माणकर्ताहरूका लागि आगामी पाठ्यक्रम निर्माण गर्न र जिशिअ, विनि, स्रोतव्यक्तिलाई यस मूल्याङ्कनसम्बन्धी प्राप्त जानकारीका आधारमा तालिम तथा गोष्ठीहरू आयोजना गरी सम्बन्धित पक्षलाई आवश्यक राय, सुझाव, सल्लाह दिन सहयोग पुग्नेछ । आगामी दिनमा यस विषयमा थप अध्ययन अनुसन्धान गर्ने अनुसन्धाताहरूका लागि यो अध्ययन महत्वपूर्ण स्रोत सामग्रीका रूपमा रहनेछ । शैक्षिक क्षेत्रमा लागेका र शैक्षिक विषयमा चाख राख्ने जो कोहीलाई पनि सन्दर्भ सामग्रीका रूपमा उपयोग गर्न यसबाट सहयोग पुग्नेछ । यस अध्ययनको निष्कर्षको सही उपयोगले विद्यार्थीको शैक्षिक उपलब्धिस्तर बढाउन समेत सहयोग पुग्नेछ । जसले गर्दा हाम्रा विद्यालयहरूको आधारभूत तहमा हुने गरेको शैक्षिक क्षतिलाई कम गरी शिक्षा क्षेत्रमा सबैको पहुँच वृद्धि गरी गुणात्मक शिक्षा प्रदान गर्न थप सहयोग गर्नेछ ।

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनका लागि मोरङ जिल्ला, केरावारी स्रोतकेन्द्र (समूह नं. १०) अन्तर्गत केरावारी गाविस वडा नं. ९ मा सञ्चालित २ वटा मावि, २ वटा प्रा.वि. गरी ४ वटा विद्यालयलाई सीमित स्रोत, साधन, समय र जनशक्तिका कारणले सीमाङ्कन गरिएको छ ।

निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयन को अवस्था नामक यस अध्ययनलाई सफल पार्न निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन को स्थिति पहिचान, यस मूल्याङ्कन प्रणालीको कार्यान्वयन बाट विद्यार्थीमा परेको प्रभाव विश्लेषण, यस प्रणालीमा अपनाइने शिक्षण विधिको

प्रयोगको अवस्था र यस प्रणालीको कार्यान्वयन मा देखिएका समस्या तथा समाधानका उपायहरूलाई मात्र अध्ययनको सीमाभित्र राखिएको छ । साथै प्रस्तुत अध्ययनअन्तर्गतका कक्षा सहभागिता, कक्षाकार्य, गृहकार्य र परियोजना कार्यको स्थिति तथा सिकाइ उपलब्धिमा परेको प्रभावका बारेमा अध्ययन गर्न कक्षा ५ को २०६९, २०७० एवम् २०७१ गरी तीन शैक्षिक सत्रको तथ्याङ्कलाई यस अध्ययनका लागि लिइएको छ ।

## १.७ प्रयोग भएका पारिभाषिक तथा प्राविधिक शब्दहरू

| | |
|---|---|
| निरन्तर | : लगातार बीचमा नटुटेको अवस्था |
| विद्यार्थी | : विद्यालयमा निरन्तर रूपमा अध्ययनरत बालबालिका |
| मूल्याङ्कन | : कुनै चिज, व्यक्तित्व, गुण वा कामकाजको मूल्य तोक्ने वा स्तर निर्धारण गर्ने काम |
| प्रणाली | : कामकाज गर्ने कुनै विधि वा काइदा, तरिका, प्रथा, प्रचलन |
| कार्यान्वयन | : कार्य रूपमा काम गरेर देखाउने काम, व्यवहारमा उतार्ने काम |
| अवस्था | : हालत, समय, दशा, बखत, समय अनुसारको स्थिति |
| कार्यान्वयन | : गर्ने भन्ने निश्चित भएको कामकाजलाई नियम विधिका साथ व्यवहारमा लागू गराउने काम |
| कार्यसञ्चायिका फाराम | : निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रगति सूचक राख्ने फाइल |
| सामुदायिक विद्यालय | : सरकारबाट नियमित अनुदान पाउने विद्यालय |
| उदार कक्षोन्नति | : विना परीक्षा निरन्तर मूल्याङ्कनबाट कक्षा चढाउने प्रक्रिया |
| आधारभूत तह | : कक्षा १–८ सम्म सञ्चालित विद्यालयको स्तर |
| विद्यालय निरीक्षक | : जिशिका मार्फत अनुगमन निरीक्षण गर्न सरकारद्वारा नियुक्त कर्मचारी |

स्रोतव्यक्ति : सम्बन्धित स्रोतकेन्द्रका प्रअहरूबाट निर्वाचित गरी जिशिकाको प्रतिनिधिका रूपमा स्रोतकेन्द्रमा काम गर्न खटाइएका व्यक्ति

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

प्रस्तुत अनुसन्धानका लागि मुख्य गरी निर्माणवाद (Constructivism) र गौण गरी व्यवहारवाद (Behaviorism), प्रगतिवाद (Progressivsm) बाट अध्ययन गर्नु सान्दर्भिक देखिन्छ । यिनै वादहरूका पृष्ठभूमिमा विभिन्न विचारक तथा सिद्धान्तकारहरूले दिएका सारगर्भित विचारहरूद्वारा प्रतिपादित सैद्धान्तिक खाकाभित्र रहेर यस अध्ययनलाई अगाडि बढाइएको छ । अध्ययनमा प्राप्त हुने तथ्य तथ्याङ्कहरूलाई विश्लेषण गर्न तिनै विद्वानहरूले दिएका सैद्धान्तिक खाकाहरूलाई मुख्य आधारको रूपमा लिइएको छ । त्यो खाका कोर्न निम्नलिखित वाद तथा विचारकहरूको विचार/सिद्धान्तहरूको विश्लेषण गरिएको छ ।

स्किनर (१९०४) ले व्यवहारवादमा उल्लेख गरेअनुसार सिकाइ वा व्यवहार परिवर्तन उपलब्ध वातावरणीय उद्दीपकप्रति सहज क्रममा पैदा हुने प्रतिक्रिया (Response) र त्यसपछि प्राप्त हुने पुनर्वलीय उद्दीपक (Reinforced Stimulus) बीचको सम्बन्धबाट सम्भव हुन्छ । यसरी प्रतिक्रिया र पुनर्वलीय उद्दीपकबीचको आपसी सम्बन्धबाट व्यवहार परिवर्तन गराउने क्रियापरक सम्बन्ध प्रत्यावर्तनको सिकाइ सिद्धान्त हो । जसलाई उत्तेजना प्रतिक्रियाको सिद्धान्त पनि भनिन्छ । प्राणीले वातावरणमा प्राप्त उद्दीपकप्रति आवश्यकता अनुसार प्रतिक्रिया र क्रियाकलापका निरन्तरताबाट सिक्ने व्यवहार क्रियापरक व्यवहार हो । जस्तै भोक लागेपछि खानाको खोजी गर्नु, परीक्षा पास गर्न धेरै पढ्नु, त्यस्तै पूर्व जानकारी भएको कुनै उद्दीपकबाट प्राप्त हुने व्यवहार वा सिकाइ प्रतिक्रियापरक व्यवहार हो, जस्तो खानेकुरा देख्दा र्‍याल आउनु (शर्मा एण्ड शर्मा, २०६१ मा उद्धृत) ।

यो सिद्धान्तबाट कुनै पनि कुरा सिक्न सिकारू तत्पर हुनुपर्छ । सिकारू तत्पर र निरन्तर अभ्यास छ भने सिकाइ प्रभावकारी हुन्छ । त्यसकारण निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली र यो सिद्धान्तको नजिकको सम्बन्ध देखिन्छ । किनकि विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्ने क्रममा क्रमशः सरलबाट जटिलतर्फ सिकाइ उपलब्धि तय गरिएको छ । सिकारूलाई तय गरिएका एउटा शैक्षिक उपलब्धिमा अभ्यस्त गराइसकेपछि मात्र अर्को शैक्षिक उपलब्धितिर अगाडि बढाउनु पर्ने तथा विद्यार्थीहरूका लागि तय गरिएका उपलब्धिहरू क्रमशः हासिल नभएसम्म सिकारूलाई पटक पटक शिक्षकले अभ्यस्त गराउनु पर्ने भन्ने कुराको अध्ययन गर्न यो सिद्धान्तलाई आधार मानिएबाट प्रस्तुत अध्ययनका लागि यसलाई वैचारिक खाकाका रूपमा स्वीकार गरिएको छ ।

जोन डिवे (१८५९) ले प्रगतिवादमा उल्लेख गरेअनुसार संसार परिवर्तनशील भएकाले ज्ञान पनि नियमित रूपमा परिवर्तनशील छ तर यसका लागि शिक्षा प्रगतिउन्मुख, बालकेन्द्रित तथा बालकको इच्छा र चाहनासँग सम्बन्धित हुनुपर्दछ । जसको उद्देश्य बालकलाई जहिले पनि क्रियाशील बनाउन सक्ने हुनुपर्छ । सिकाइको एउटा घटनाले अर्को नयाँ सिकाइको स्थिति एकपछि अर्को गरी सिर्जना गर्नु पर्दछ । हरेक अनुभवले अर्को नयाँ अनुभव बटुल्न प्रेरणा दिनु पर्दछ । जसबाट बालकमा सामाजिक दक्षताका साथ वातावरण अनुकुल हुनेगरी नवीनतम ज्ञानको पुनर्निर्माण हुन सकोस् । शिक्षण प्रक्रिया व्यावहारिक र कार्यमूलक (प्रयोगात्मक) हुनुपर्दछ । प्रगतिवादको यस शैक्षिक प्रक्रियाका लागि मुख्य गरी प्रोजेक्ट विधि (Project Method) र गौण गरी छलफल, परीक्षण, प्रयोगात्मक, अवलोकन, गरेर सिक्ने (Learning by doing), शैक्षिक भ्रमण, पुस्तकालय अध्ययन आदि विधिहरूलाई उत्तम विधिका रूपमा मानिन्छ (ढकाल र कोइराला, २०६५ मा उद्धृत) ।

प्रगतिवादका प्रणेता जोन डिवेद्वारा प्रस्तुत विचारहरूलाई आधार मान्दा समग्र शैक्षिक प्रक्रिया (कार्यक्रम) समय र सन्दर्भअनुसार गतिशील हुनुपर्ने देखिन्छ । जुन निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रकृतिसँग मेल खान्छ । फेरि, उनले भनेझैं उपर्युक्तानुसारका समग्र शैक्षिक कार्यक्रमका विषय, सन्दर्भ तथा माध्यमहरू (जस्तो- प्रोजेक्ट विधि) यस निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यक्रममा पनि उल्लिखित छन् र तिनै पक्षहरूलाई नै जोड दिइएको पाइन्छ । त्यसकारण निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीसँग यो वैचारिक धारणाको सम्बन्ध भएबाट यस वादलाई प्रस्तुत अध्ययनको सैद्धान्तिक खाका मानिएको छ ।

स्टफलविम (१९७१) ले व्यवस्थापन मूल्याङ्कन विधिको CIPP Model मा उल्लेख गरे अनुसार मूल्याङ्कनलाई प्रशासकीय अध्ययन र शैक्षिक निर्णय प्रक्रियासँग सम्बन्धित गर्दै यसलाई व्यवस्थित गर्ने कार्यको रूपमा लिइएको पाइन्छ । मूल्याङ्कनको सफलता निर्णयकर्ताहरू र मूल्याङ्कनकर्ताहरू बीचको सहकार्य र त्यसको गुणस्तरमा भर पर्ने कुरा उल्लेख गरिएको छ । यस नमुनाअनुसार कुनैपनि मूल्याङ्कन कार्यक्रममा सन्दर्भ (Content), लगानी (Input), प्रक्रिया (Process) र प्रतिफल (Product) सम्पूर्ण पक्षको प्रणालीगत रूपमा मूल्याङ्कन गर्ने सन्दर्भ जोडिएको हुन्छ । जहाँ योजना, संरचना, कार्यान्वयन र पुनर्निवेश सम्बन्धी निर्णय एकआपसमा सम्बन्धित रहेर दिइन्छ । यसलाई प्रणालीगत मूल्याङ्कन विधि पनि भनिन्छ र जहाँ कुनै एक पक्षलाई छुट्याउन खोजे सम्पूर्ण पद्धतिलाई असर पर्दछ (खनाल, २०६५) । त्यसैगरी निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यक्रमलाई पनि शिक्षण

सिकाइ प्रक्रिया र क्रियाकलापको योजना गर्ने, शिक्षण गर्ने, सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्ने, विद्यार्थीको सिकाइ उपलब्धिको व्यक्तिगत विवरण प्राप्त गर्ने, समस्या परेका विद्यार्थीको पहिचान गरी तिनीहरूका समस्याको निराकरण गर्न सहयोग गर्ने र पुनः शिक्षणको योजना गर्ने समग्र प्रक्रियामा जोड दिन्छ (खनाल, २०६५ मा उदृत) ।

यस CIPP नमुनाअनुसार लिइने प्रत्येक चरणका निर्णयहरूका लागि क्रमशः निदानात्मक परीक्षा, दस्तावेज अध्ययन, अन्तर्वार्ता, निरन्तर सूचना सङ्कलन गर्ने प्रक्रिया; विशेषज्ञहरूको उपयोग, पूर्व परीक्षण; निरन्तर अन्तरक्रिया, अवलोकन, अनुगमन; परिमाणात्मक तथा गुणात्मक विश्लेषण जस्ता विधि तथा माध्यमहरू उपयोग गरिन्छन् जुन निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमा सशक्त रूपमा प्रयोग गरिन्छन् । मूल्याङ्कनको प्रमुख उद्देश्य पनि प्रमाणित नभई नियमित रूपमा सुधार गर्नु नै हो ।

प्रस्तुत CIPP Model ले उपर्युक्तानुसार भने बमोजिमका प्रायः सबै उद्देश्य, विशेषता, विधि, प्रक्रिया, आशय तथा निचोड निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमा समानान्तर रूपमा भेटिन्छन्, प्रकृति पनि मिल्दोजुल्दो देखिन्छ । तसर्थ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यक्रम स्टफलविमको CIPP नमुनासँग सम्बन्धित रहेको पाइएकोले यस नमुनालाई प्रस्तुत अध्ययनको सैद्धान्तिक खाका मानिएको छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि विषयको अध्ययन अनुसन्धान गर्नका लागि त्यस विषयसँग सम्बन्धित पूर्व अध्ययनहरूको समीक्षागत पुनरावलोकन गर्नु सान्दर्भिक हुन्छ । पूर्व सम्बन्धित साहित्यको पुनरावलोकनबाट शोधार्थीलाई अध्ययन विषयको गहिराइसम्म पुग्न सहज हुने र त्यसबाट आफ्नो वर्तमान अध्ययनका लागि बलियो आधार प्राप्त हुने भएकाले सम्बन्धित साहित्यको पुनरावलोकन गर्नु वाञ्छनीय देखिन्छ । अनुसन्धानको प्रस्तुत विषय नयाँ भएकोले यस विषयमा अध्ययन अनुसन्धान पर्याप्त मात्रामा हुन नसकिरहेको अवस्थामा सीमित लेख, रचना, निर्देशिका, शोधपत्र, प्रतिवेदन तथा दस्तावेजहरूको अध्ययन गरी निस्किएका निष्कर्षहरूलाई निचोडका रूपमा यहाँ उल्लेख गरिएको छ ।

पौडेल (२०६३) ले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली र यसको शैक्षिक व्यवस्थापनमा प्रभाव शीर्षकमा उल्लेख गरेअनुसार निरन्तर विद्यार्थी मूल्याङ्कनले कक्षा १-३ मा छात्रको तुलनामा

छात्रा सहभागिता बढाएको, कक्षा छाड्ने दर क्रमशः घट्दै गएको, बालबालिकाहरू सुहाउँदोभन्दा बढी उमेरका रहेका, विद्यार्थी सङ्ख्याको तुलनामा शिक्षक सङ्ख्या अपुग भएको, यस कार्यक्रमलाई समुदायले १० प्रतिशत मात्र सहयोग गरेको, एउटै कक्षामा (जस्तो कक्षा १ मा १७९ जना) शिक्षा नियमावलीले निर्देश गरेभन्दा बढी विद्यार्थीहरू राखी अध्यापन गर्ने गरिएको, दलित तथा जनजाति विद्यार्थीको सहभागिता क्रमशः बढ्दै गएको, विषयगत तथा साप्ताहिक पाठ्यभारअनुसार पढाइ सञ्चालन गर्न नसकिएको, विद्यालयमा शिक्षासँग सम्बन्धित व्यक्तिहरूले आफ्नो जिम्मेवारी वहन गर्न नसकेको, निर्देशिका तथा पाठ्यक्रमको अध्ययन गरी त्यसअनुरूप शिक्षणमा संलग्न भई विद्यार्थीका कमीकमजोरी पत्ता लगाई समाधानतर्फ अग्रसरता नदेखाइएको, यस मूल्याङ्कन प्रणालीमा प्रयुक्त फारामहरू कठीन र अव्यावहारिक भएका, शिक्षकको प्रभावरिताको मूल्याङ्कन गर्न छुटाइयाएको, पाठ्यक्रमका सम्पूर्ण उद्देश्यहरूको मूल्याङ्कन गर्ने परिपाटीको व्यवस्था नमिलाइएको र कार्यक्रमको प्रभावकारिता तथा कमीकमजोरीहरू सुधार गर्न केन्द्रदेखि जिल्ला तहसम्मका शैक्षिक संस्थाहरूको जिम्मेवारी स्पष्ट रूपमा किटान नगरिएको जस्ता प्राप्तिहरू उल्लेख गरिएको पाइन्छ ।

मोति (२०७०) ले लेटाङ स्रोत केन्द्रको प्राथमिक तहमा उदार कक्षोन्नतिले कक्षा छाड्ने दरमा पारेको प्रभाव शीर्षकमा उल्लेख गरेअनुसार हालसम्म प्राथमिक उमेरका सबै बालबालिकाहरूलाई विद्यालयको दायराभित्र पूर्ण रूपमा ल्याउन नसकिएको, ६ वर्ष माथिको साक्षरता दर केवल ६० प्रतिशत मात्र पुगेको तर विद्यालयमा उदार कक्षोन्नति व्यवस्था लागू हुनुपूर्वभन्दा लागू भएपश्चात् विद्यार्थी भर्ना दर वृद्धि हुँदै गएको, कक्षा छाड्ने दर र कक्षा दोहोऱ्याउने दर उल्लेखनीय रूपमा घट्दै गएको, यसले गर्दा प्राथमिक तह पूरा गर्ने दर वृद्धि हुने कुरामा सहभागी सबै एकमत रहेको, उदार कक्षोन्नति लागू भएपश्चात् सबै शिक्षकहरूले नियमित विद्यार्थी मूल्याङ्कन गरी प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप प्रति जिम्मेवारी हुने कुराको ठहर प्रअहरूले गरेको, उदार कक्षोन्नति लागू भएपछि सबै बालबालिकाहरूले पास हुने, गुरू/गुरूमासँग डर नलाग्ने, विद्यालय आउन मन लाग्ने आदि अभिव्यक्ति दिने गरेको तथा उदार कक्षोन्नतिलाई व्यवस्थित ढङ्गबाट लागू गरी शैक्षिक गुणस्तर कायम गर्न सबै सरोकारवालाहरूबीच अन्तरक्रिया गर्नुका साथै सम्पूर्ण शिक्षकलाई तालिम दिनुपर्ने सबै सहभागीहरूको समान धारणा रहेको जस्ता प्राप्तिहरू प्राप्त गरिएको पाइन्छ ।

शर्मा र शर्मा (२०६५) का अनुसार शिक्षणका विभिन्न क्षेत्रमध्ये विद्यार्थी मूल्याङ्कन प्रमुख क्षेत्र हो । तर यस्तो मूल्याङ्कन कार्य एकपटक गरेर सम्पन्न हुने होइन, यो निरन्तर चलिरहने

प्रक्रिया हो । विद्यार्थी भनेको काँचो माटो सरह हो । उसलाई जे सिकायो त्यही सिक्दछ; जस्तो व्यवहारमा आदत बसाल्यो त्यस्तै व्यवहार सिक्दछ । अतः पाठ्यक्रमले तोकेका उपलब्धिहरू प्राप्तिका लागि उसलाई अभ्यस्त गरेको हुनुपर्दछ । उसका कमी कमजोरीहरू पत्ता लगाई विभिन्न काममा बारम्बार सामेल गराई उनीहरूको उपलब्धि पत्ता लगाउने पद्धतिलाई निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति भनिन्छ । विद्यार्थीले प्राप्त गरेका विभिन्न ज्ञान, सीप, आचरण, प्रबृत्ति र क्रियाकलापहरू आदि सबै विद्यार्थीका सिकाइ उपलब्धिहरू हुन् । यस्ता सिकाइ उपलब्धिहरूको मापनमा लिखित परीक्षा मात्र पूर्ण हुँदैन । यिनको प्राप्तिका लागि शिक्षकले पृष्ठपोषणका आधारमा सुधारात्मक शिक्षण गर्दै गए अनुसार विद्यार्थीमा विकसित भएको ज्ञानात्मक पक्षको साथसाथै सीप तथा व्यावहारिक विकासको पनि लेखाजोखा गरिनै रहनु पर्दछ । यस कार्यका लागि शिक्षकले हाजिरी गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, अवलोकन, एकाइ परीक्षा, मौखिक परीक्षा, प्रयोगात्मक परीक्षा, खेल, अतिरिक्त क्रियाकलाप आदि निरन्तर विद्यार्थी मूल्याङ्कनका प्रविधिहरूलाई नियमित रूपमा प्रयोगमा ल्याइरहनु पर्दछ । यसैले भनिन्छ, निरन्तर मूल्याङ्कन गर्नका लागि उद्देश्य छनोट गर्नुपर्छ, उद्देश्यअनुसार विधि छनोट हुन्छ, विधिको प्रयोग गरी गरिएका मूल्याङ्कनबाट सूचना प्राप्त गरिन्छ, सूचनाका आधारमा पृष्ठपोषण दिइन्छ, पृष्ठपोषणबाट सिकाइ उपलब्धिमा सुधार हुने विश्वास गरिन्छ ।

पाविके (२०६८) ले निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन गर्दा कार्यसञ्चयिका (Portfolio) फाइलमा विद्यार्थीको प्रगतिको अभिलेख राखिन्छ । यसका लागि प्राथमिक शिक्षा पाठ्यक्रमले विद्यार्थीको विषयगत प्रगति अभिलेख पाठगत आधारमा रेजा (✓) चिन्ह लगाएर राख्न निर्देश गरेको छ ।

पाठगत आधारमा प्रगति अभिलेख राख्ने हाम्रो प्रचलनमा विद्यार्थीलाई पाठमा भएका अभ्यास तथा क्रियाकलाप गराएर उनीहरूले ती अभ्यास तथा क्रियाकलाप राम्ररी गर्न सकेनन् भने दोहोऱ्याउन लगाई थप मद्दत समेत गरेर वा आवश्यकताअनुसार वैकल्पिक क्रियाकलाप समेत गराएपछि विद्यार्थीको सिकाइस्तर हेरेर अति उत्तम सिकेकालाई तीनवटा रेजा (✓✓✓), उत्तम सिकेकालाई दुईवटा (✓✓) र सामान्य सिकेकालाई एउटा रेजा (✓) दिनुपर्छ ।

शर्मा (२०५९) का अनुसार उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५) को प्रतिवेदनमा प्राथमिक तहमा हाल शिक्षण परिपाटी निकै कमजोर रहेकाले कक्षामा विद्यार्थीहरूलाई आकर्षित गर्न र यस तहमा भएको गम्भीर क्षतिलाई कम गर्न उनीहरूका सिकाइसम्बन्धी कमजोरीहरू समयमै

पहिचान गरी सुधारात्मक शिक्षण गर्ने परिपाटी बसाल्नु पर्ने सुझाव दिइएको छ । त्यसै गरी उक्त कक्षा १–३ को मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्नका लागि निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतिको व्यवस्था गर्नुपर्ने सुझाव दिइएको छ । जसअनुसार कक्षा दोहोऱ्याउने र विद्यालय छोड्ने अवस्थाबाट सिर्जित शैक्षिक क्षतिलाई घटाउन र विद्यालयहरूलाई पढाइमा प्राथमिक तहको कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूले स्वाभाविक रूपमा तल्लो कक्षाबाट माथिल्लो कक्षामा चढ्न पाउने उदार कक्षोन्नतिको व्यवस्था गर्नुपर्दछ । उदार कक्षोन्नतिको नीति अवलम्बन गर्दा अनवरत मूल्याङ्कनलाई सँगसँगै लैजान आवश्यक छ । विद्यार्थीको उपलब्धिको लेखाजोखाका निम्ति वार्षिक परीक्षाका अतिरिक्त मासिक, लिखित तथा मौखिक परीक्षा, गृहकार्य, उपस्थिति र अभिलेख समेतलाई आधार बनाउनु पर्दछ भन्ने कुरा उल्लेख गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०६३) अनुसार विद्यार्थी मूल्याङ्कनमा निष्पक्ष मूल्याङ्कन पद्धतिको विकास गर्दै पाठ्यक्रमद्वारा निर्धारित सिकाइ उपलब्धि प्राप्त गर्नेतर्फ केन्द्रित हुनुपर्ने साथै शिक्षणसिकाइ क्रियाकलापमा सुधार ल्याई पृष्ठपोषणमुखी मूल्याङ्कन पद्धतिप्रति ध्यान दिने उल्लेख गरिएको छ । प्रारूपमा नेपालको मूल्याङ्कन पद्धतिमा परीक्षामुखी पद्धतिको बढी अभ्यास हुने गरेकाले धेरै विकृतिहरू जन्माएको छ र निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्य हुन नसकेको अवस्था छ । साथै विद्यार्थी मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा लैजान सकेको छैन । बालबालिकाले सिके नसिकेका आधारमा शिक्षक, विद्यालय र समग्र शैक्षिक पद्धतिको मूल्याङ्कन गर्ने चलन स्थापित हुन सकेको छैन । यस्तो अवस्थामा विद्यार्थी मूल्याङ्कन निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिअनुरूप गर्ने, मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई शैक्षिक योजना निर्माण गर्न र कार्यान्वयनको आधार बनाई सिकारूलाई आजको प्रतिस्पर्धी समाजमा समायोजन हुनसक्ने गरी व्यवस्थित गर्नुपर्ने र यो कार्य चुनौतीपूर्ण समेत रहेको उल्लेख गरिएको छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम (२०६२, २०६५) का अनुसार विद्यार्थीलाई शिक्षा दिनुको अर्थ उनीहरूलाई पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गराउनु हो, उनीहरूलाई फेल गरेर असक्षम देखाउनु होइन । निर्माणात्मक मूल्याङ्कनको उद्देश्य विद्यार्थीलाई प्रभावकारी शिक्षण सिकाइ गरेर पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य पूरा गराउनु हो । यसका लागि पठनपाठनसँगै विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्नुपर्छ । पठनपाठनसँगै निरन्तर चल्ने भएकाले निर्माणात्मक मूल्याङ्कनलाई निरन्तर विद्यार्थी मूल्याङ्कन मानिएको हो । विद्यार्थीको कक्षा सहभागिता, चालचलन, अवलोकन, मौखिक प्रश्नोत्तर, लिखित जाँच आदि माध्यम विद्यार्थीको निरन्तर मूल्याङ्कनका लागि

उपयोगी हुन्छन् । निरन्तर विद्यार्थी मूल्याङ्कनमा शिक्षकले कुनै न कुनै प्रक्रियाबाट विद्यार्थीको सिकाइका बारेमा बराबर निगरानी राखी उनीहरूको कठिनाइ बुझेर शिक्षण गर्नुपर्छ । परिमार्जित पाठ्यक्रमले प्राथमिक तहमा विद्यार्थीको निरन्तर मूल्याङ्कन प्रक्रियालाई आधार बनाई उदार कक्षोन्नति गर्ने नीति अङ्गीकार गरेको छ । निरन्तर विद्यार्थी मूल्याङ्कनले शिक्षाको गुणस्तर बढाउन, कक्षामा विद्यार्थीको चाप घटाउन तथा बीचैमा विद्यालय छाड्ने विद्यार्थीको सङ्ख्यामा कमी ल्याई विद्यार्थीको व्यवहारमा सुधार गर्न सहयोग पुऱ्याउँछ । निरन्तर विद्यार्थी मूल्याङ्कनमा विद्यार्थीको व्यक्तिगत अभिलेख राखिने हुँदा विद्यार्थीको सर्वपक्षीय अवलोकन गर्न सकिन्छ ।

पाविके (२०६७) ले पाठ्यक्रम गतिविधि : चौमासिक बुलेटिनमा उल्लेख गरेअनुसार आधारभूत तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गरिएको छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइस्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटकपटक सिकाइ अवसर प्रदान गर्नुपर्ने हुन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगबाट सिकाइ उपलब्धिका आधारमा विद्यार्थी उपलब्धिको नियमित मूल्याङ्कन गरी सोको अभिलेखका आधारमा कक्षोन्नति गर्नु हो र यसबाट प्राप्त सिकाइ उपलब्धिको स्तर हेरी सुधारात्मक शिक्षण गर्नुपर्छ ।

गौतम (२०६८) ले शिक्षक मासिक पत्रिकामा उल्लेख गरेअनुसार प्रभावकारी सिकाइका लागि 'म कतातिर कसरी गइरहेछु' भन्ने कुरा विद्यार्थीले र 'विद्यार्थीले ज्ञान, सीप तथा अभिवृत्तिको विकास कसरी कुन दिशामा भइरहेछ' भन्ने कुरा शिक्षकले जान्नैपर्ने रहेछ भनी उल्लेख गरेका छन् । 'विद्यार्थीले कति जान्यो, के जान्यो र के जानेन' भन्ने प्रश्नको उत्तर आवधिक परीक्षाले दिए पनि शिक्षण र सिकाइको सीमा त्यति मात्र नभएकाले 'विद्यार्थीले कस्तो अनुभव गर्दै छ, अब के गर्न सक्छ, त्यसका लागि अरू के गर्नुपर्छ, गर्न सकिन्छ र कसरी गर्ने' प्रश्न महत्वपूर्ण भएको तर यी प्रश्नहरूको उत्तर कुनै परिकार बनाउन सिकाउने 'रेसिपी' जस्तो गरी नआउने रहेछ । किनभने मान्छेले ज्ञान आर्जन गर्ने मात्र नभई निर्माण पनि गर्ने रहेछ तर त्यस्तो ज्ञानको निर्माण दिमागमा हुने भएकोले विद्यार्थीको दिमागमा पनि के कस्तो ज्ञान निर्माण हुँदै छ भन्ने कुरा शिक्षकले लेखाजोखा गरिरहनु पर्ने रहेछ । जसलाई शैक्षणिक भाषामा हामी मूल्याङ्कन (Assessment) भन्छौं, निरन्तर गरिरहनु पर्ने रहेछ । यसरी शिक्षकले शिक्षण सिकाइ प्रक्रियामा विद्यार्थीका बारेमा समेटेका सम्पूर्ण अनुभव, प्राप्त गरेका सूचना र विद्यार्थी आफैंले र उसका साथीहरूले समेत प्राप्त गरेको

अनुभव र सूचनाको समग्र लेखाजोखालाई निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति भनिनेरहेछ भन्ने कुरा समेत उक्त पत्रिकामा उल्लेख गरिएको छ ।

यसरी उपर्युक्तानुसार गरिएको पूर्व साहित्यको पुनरावलोकन तथा समीक्षाका आधारमा प्राथमिक (हाल आधारभूत) तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका विषयमा धेरै चर्चा, परिचर्चा गरिएको पाइएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनले विद्यार्थीलाई उसको समस्या बुझी सुधारात्मक शिक्षण गर्न सकिने र शैक्षिक उपलब्धिमा पनि वृद्धि हुने कुरा उल्लेख गरिएको पाइयो तर निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयन को अवस्था अर्थात् यस प्रणालीको व्यावहारिक पक्ष के कस्तो रहेको छ भन्ने विषयमा त्यति पहिचान तथा व्याख्या विश्लेषण गरिएको देखिएन । यसै कमीलाई पूरा गर्ने पक्षमा प्रस्तुत शोधपत्र केन्द्रित रहेको छ ।


## २.३ पुनरावलोकनको उपादेयता

नयाँ विषयमा अध्ययन र अनुसन्धानका लागि सैद्धान्तिक ढाँचा र सम्बन्धित साहित्यको अध्ययन आवश्यक छ । त्यसै मुताविक प्रस्तुत अध्ययनसँग सम्बन्धित विभिन्न धारणा तथा सिद्धान्तको ज्ञान तथा जानकारी र अनुसन्धानबाट निस्किएका निष्कर्षहरूको अध्ययन गर्नु उपयोगी हुन्छ । दर्शनशास्त्रीय र सैद्धान्तिक ज्ञानले अनुसन्धान कार्यको सैद्धान्तिक पक्षमा दिशानिर्देश हुन्छ भने सम्बन्धित साहित्यको अध्ययनले व्यावहारिक सीपको विकासमा सहयोग पुग्दछ । त्यस्तै लेख तथा रचनाहरूको अध्ययनले अध्ययन गर्न खोजिएको विषयमा गहिराइमा पुऱ्याउन मद्दत गर्दछ भने अनुसन्धान प्रतिवेदनका निष्कर्षहरूले कार्यक्रम, रणनीति र कार्ययोजना तय गर्नका लागि सम्भव तुल्याउँदछ ।

सोहीबमोजिम प्रस्तुत शोध प्रस्ताव तयार गर्ने क्रममा यसभित्र प्रयोग गरिएका सैद्धान्तिक खाकाहरूले शोधपत्र पूरा गर्नका लागि सैद्धान्तिक खाका कोर्न सहयोग पुऱ्याएको छ । मूल्याङ्कन तथा निरन्तर विद्यार्थी मूल्याङ्कनसम्बन्धी विभिन्न विद्वानका विचारहरू नजिकबाट अवलोकन गर्न अवसर प्राप्त भएको छ । जसले प्रस्तुत शोधपत्रलाई पुष्टि गरी पूरा गर्न स्पष्ट दार्शनिक आधार मिलेको छ । यसैगरी शोधपत्र तयार गर्ने क्रममा समीक्षा गरिएका सम्बन्धित पूर्व साहित्य जस्तो विभिन्न लेख, रचना, शोधपत्र, योजना कार्यक्रम, निर्देशिका, पत्रिका, प्रतिवेदन, पाठ्यक्रम आदिको अध्ययनबाट विद्यार्थी मूल्याङ्कन सम्बन्धी भए गरेका व्यवस्थाका विषयमा जानकारीमूलक सूचना प्राप्त हुनुका साथै विषयवस्तुको गहिराइमा पुग्न मद्दत पुग्ने छ ।

उपर्युक्त आधारमा र निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन को अवस्था विषयमा छुट्टै विशिष्टता समेट्ने खालको हालसम्म कुनै अध्ययन अनुसन्धान नभइरहेको सन्दर्भमा माथि उल्लिखित सम्बन्धित साहित्य र सैद्धान्तिक खाकाले प्रस्तुत अध्ययनलाई अघि बढाउने, निष्कर्षमा पुऱ्याउने काममा सहयोग पुग्नेछ ।

## २.४ सैद्धान्तिक / अवधारणात्मक ढाँचा



मूल्याङ्कन पद्धति मूख्यतः निर्णयात्मक र निर्माणात्क मूल्याङ्कन गरी दुई भागमा विभाजन गरिएको छ । यस अध्ययन निर्माणात्मक मूल्याङ्कनसँग मात्र सम्बन्धित भएकोले निर्माणात्मक मूल्याङ्कनको प्रकारलाई मात्र व्याख्या गरिएको छ । निर्माणात्मक मूल्याङ्कन पनि मूख्यत आवधिक मूल्याङ्कन पद्धति र निरन्तर मूल्याङकन पद्धति गरी दुई प्रकारमा विभाजन गरिएको छ । निरन्तर मूल्याङ्कन पद्धति अन्तर्गत अतिरिक्त क्रियाकलाप गृहकार्य कक्षा कार्य, परियोजना कार्य अवलोकन वैज्ञानिक पद्धतिबाट कार्य सञ्चयिकाको प्रयोग प्र.अ., वि.व्य.स. अभिभावकको निरन्तर अनुगमन आदि पर्दछ ।

# परिच्छेद तीन : अध्ययन विधि

कुनैपनि समस्याका विषयमा अध्ययन गर्न निश्चित विधिको आवश्यकता पर्नेछ । त्यस्ता विधिहरूको निर्धारण अध्ययन गर्न लागिएको विषयवस्तुको प्रकृतिमा भर पर्नेछ। प्रस्तुत अध्ययनलाई पनि सोही आधारमा तल उल्लेख गरिए अनुसार अघि बढाइएको छ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

प्रस्तुत अध्ययनलाई पूरा गर्न शोधार्थी स्वयम्‌को प्रत्यक्ष स्थलगत भ्रमणको आधारमा प्राप्त तथ्य तथ्याङ्कहरूलाई व्याख्या विश्लेषणका लागि परिमाणात्मक तथा गुणात्मक दुवै अध्ययन ढाँचा मिश्रित रूपमा अवलम्बन गरिएको छ। तथ्याङ्कलाई विश्लेषण गर्दा विभिन्न तालिका, चित्र, प्रतिशत आदिमा प्रस्तुत गरिने हुनाले परिमाणात्मक ढाँचा रहेको छ। साथै अध्ययनमा साथै अध्ययनमा संलग्न पक्षका अभिमतहरू तथा दस्तावेजलाई यस अध्ययनको आधार बनाइने हुनाले उक्त कुरा वर्णन गर्न गुणात्मक ढाँचा रहेको छ।

## ३.२ जनसङ्ख्या नमुना र नमुना छनोट रणनिती

यस अनुसन्धान कार्यका लागि मोरङ जिल्ला केरावारी स्रोतकेन्द्र (समूह नं. १०) अन्तर्गत केरावारी गाविस वडा नं. ९ मा सञ्चालित २ वटा माविर २ वटा प्रावि गरी जम्मा ४ सामुदायिक विद्यालय, ती विद्यालयका प्रधानाध्यापक, तिनै विद्यालयका आधारभूत तहमा अध्यापन गर्ने शिक्षक, अध्ययनरत विद्यार्थी, उनीहरूका अभिभावक, सम्बन्धित स्रोतव्यक्ति तथा विनिलाई जनसङ्ख्याका रूपमा लिइएको छ।

यस अध्ययनका लागि नमुनाका रूपमा स्रोतकेन्द्रको छनोट गर्दा घरपायक हुने गरी सुविधायुक्त नमुना छनोट विधिबाट केरावारी स्रोतकेन्द्रलाई छनोट गरिएको छ भने विद्यालय, प्रअ, स्रोतव्यक्ति र विनिको छनोट उद्देश्यमूलक नमुना छनोट विधिद्वारा गरिएको छ। त्यसैगरी आधारभूत तह समेटिने गरी तथा तहगत रूपमा सबै विद्यालयको प्रतिनिधित्व हुने गरी शिक्षक, अभिभावक र विद्यार्थीहरूको छनोट गर्दा सम्भावनायुक्त नमुना छनोट विधिको उपयोग गरिएको छ।

त्यसैगरी यस अध्ययनका लागि केरावारी स्रोतकेन्द्र अन्तर्गतका केरावारी, याङशिला, पाटीगाउँ र सिंहदेवी गाविस भित्र रहेका ३२ सामुदायिक विद्यालयहरू मध्ये ४ वटा विद्यालयका १/१ जनाका दरले ४ जना प्रअ, २/२ जनाका दरले ८ जना शिक्षक, २/२ जनाका दरले ८ जना

विद्यार्थी, २/२ जनाका दरले ८ जना अभिभावक र १ जना स्रोतव्यक्ति तथा १ जना विनिसमेत जम्मा ३० जनालाई नमुनाको आकारका रूपमा लिइएको छ, जसमा २ मावि र २ प्रावि तहका सामुदायिक विद्यालय रहेको छन् ।

## ३.३ अध्ययनको क्षेत्र

यस अध्ययनले मोरङ जिल्लाको केरावारी स्रोतकेन्द्र अन्तर्गत पर्ने ४ वटा सामुदायिक विद्यालयहरूका प्राथमिक (हाल आधारभूत) तहमा कार्यान्वयन गरिएको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन  अवस्थालाई मुख्य आधार  लिइएको छ । प्रस्तुत अध्ययनको शीर्षक फराकिलो भए तापनि समय, स्रोत तथा साधनको सीमिततामा रही यो अध्ययन शोधार्थीको आफ्नो कार्यक्षेत्रभित्र परेको, भौगोलिक रूपले आफ्नो स्थानीय क्षेत्र भएकाले आवतजावत गर्न यातायातको सुविधायुक्त, जातीय, लैङ्गिक, समावेशी प्रतिनिधित्व र प्राप्त तथ्याङ्क (सूचना) विश्वसनीय तथा वैधतायुक्त हुने आधारमा उल्लिखित जनसङ्ख्याबाट मात्र यो अध्ययन सम्पन्न गर्ने गरी नमुना छनोट गरिएको छ । साथै छनोटमा परेका ४ वटा विद्यालयका शिक्षक, विद्यार्थी तथा अभिभावकहरूलाई जातीय, लिङ्गीय र कक्षागत आधारमा छनोट गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलनका साधन र तरिकाहरू

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन एवम् विश्वसनीय सूचना प्राप्त गर्नका लागि निम्नानुसारका साधन प्रयोग गरिएको छ :

### ३.४.१. अवलोकन फारम

तथ्याङ्क सङ्कलनका लागि अनुसन्धान कर्ताको लागि अवलोकन फारम अनुसुचि मा प्रस्तुत गरे अनुसार फारम विकास गरी नमूना विद्यालयमा गई तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४.२ प्रश्नावली

तथ्याङ्क सङ्कलनको लागि वि.नि. स्रातव्यक्ति, प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकका लागि प्रश्नावली तयार गरी नमूना विद्यालयमा गई तथ्याङ्क सङ्कलन गरिएको छ ।

३.४.३ लक्षित समूह छलफल निर्देशिका

तथ्याङ्क सङ्कलनको लागि नमूना विद्यालय गई जनसङ्ख्यालाई आधार बनाई विद्यार्थी बीच र व्यवस्थापन समितिका पदाधिकारीहरु बीच समूह छलफल गराई तथ्याङ्क सङ्कलन गरिएको छ ।

३.४.४ दस्तावेज पुनरावलोकन

नमूना छनोटमा परेका विद्यालयहरुबाट तथ्याङ्क तथा जानकारी प्राप्तगर्ने उदेश्यले सम्वधित विद्यालयहरुका रेकर्डहरु, शैक्षिक स्मारिकाहरु विद्यालय सुधार योजनाका दस्तावेज तथा शिक्षा क्षेत्र सँग सम्वधित निकायहरु द्वारा प्रकाशित तथ्याङ्कहरुको पुनरावलोकन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत अध्ययन कार्यका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्न तयार गरिएका साधनको उचित प्रयोगका लागि सम्बन्धित पक्षसँग तोकिएको मिति, समय र स्थानमा भेटघाट, अन्तर्वार्ता, अवलोकन, दस्तावेज अध्ययन जस्ता कार्यलाई अघि बढाउन व्यवस्थित कार्यतालिका तयार गरिएका छन्, जसअनुसार प्रश्नावलीका सहायताले स्रोतव्यक्ति, विनि तथा अन्तर्वार्ता, प्रश्नावलीका सहायताले प्रअ, शिक्षक, विद्यार्थी तथा तिनका अभिभावकबाट आवश्यक सूचना सङ्कलन गरिएका छन् । यस कार्यमा शोधार्थी आफैँ प्रत्यक्ष उपस्थित भई विषयवस्तुलाई स्पष्ट पार्दै ती फारामहरू भराइएको छन् । त्यस्तै विभिन्न सम्बन्धित दस्तावेजहरूको अध्ययनका साथै छनोट गरिएका विद्यालय तथा स्रोतकेन्द्र गई सर्वेक्षण फाराम प्रयोग गरी आवश्यक सूचनाहरू सङ्कलन गरिएको छन् ।

उपर्युक्त आधार र प्रक्रियाबाट यस अध्ययनलाई आवश्यक ठानी प्राप्त गरिएका सूचना, तथ्याङ्क तथा विवरण वस्तुगत र सामाजिक रूपले सर्वस्वीकार्य हुनेछन् भन्ने अपेक्षा गरिएको छ ।

प्रस्तुत शीर्षकमा अध्ययन अनुसन्धानका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्न प्राथमिक तथा द्वितीय दुवै स्रोतको उपयोग गरिएको छ ।

### ३.५.१ प्राथमिक स्रोत

यस अध्ययनका लागि छनोटमा परेका विद्यालयका प्रअ, शिक्षक, विद्यार्थी, अभिभावक, स्रोतव्यक्ति र विनिबाट प्रश्नावली, अन्तर्वार्ता, स्थलगत अध्ययन तथा विद्यालय सर्वेक्षण फारामका माध्यमबाट लिइएका तथ्याङ्क तथा सूचनालाई प्राथमिक स्रोतका रूपमा लिइएको छ । साथै विद्यालयमा राखिएका कार्यसञ्चयिका जस्ता अभिलेखहरूको प्रत्यक्ष अवलोकन गरी अवलोकन फाराममा भरिएका सूचनाहरू समेत प्राथमिक स्रोतका रूपमा रहेको छन् ।

### ३.५.२ द्वितीय स्रोत

यस अध्ययनका लागि प्राथमिक स्रोतले मात्र तथ्याङ्कहरू पर्याप्त नहुने हुनाले द्वितीय स्रोतका रूपमा नमुना छनोटमा परेका विद्यालयहरूको विद्यार्थी मूल्याङ्कनसम्बन्धी विभिन्न अभिलेख तथा बैठक निर्णय पुस्तिकाहरू, विद्यार्थी उपस्थिति खाता जस्ता विद्यालयका तथ्याङ्क एवम् अभिलेखहरू, स्रोतकेन्द्र तथा जिशिकामा रहेका सम्बन्धित अभिलेखहरू साथै निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी निर्देशिका, कार्यान्वयन पुस्तिका, सहयोगी पुस्तिका, स्रोतसामग्री आदिबाट प्राप्त सूचनाहरू रहेका छन् । त्यस्तै शिक्षा मन्त्रालय, शिक्षा विभाग तथा पाविकेबाट प्रकाशित शैक्षिक तथ्याङ्क एवम् शैक्षिक बुलेटिन, पत्रपत्रिका, पूर्व प्रकाशित कृतिहरू तथा अन्य सन्दर्भ सामग्रीहरूबाट प्राप्त तथ्याङ्कहरूलाई समेत द्वितीय स्रोतका रूपमा लिइएको छन् ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

यस अनुसन्धानका कार्यमा सङ्कलित तथ्याङ्कहरूलाई उद्देश्यअनुरूप विभिन्न कोणबाट विश्लेषण गर्नका लागि तथ्याङ्कको स्वरूप तथा प्रकृतिअनुसार सूचीकृत रूपमा तालिकीकरण गरी तथ्याङ्कशास्त्रीय विधिद्वारा प्रतिशत, औसत, अनुपात, स्तम्भचित्र, वृत्तचित्र आदिमा राखी परिमाणात्मक तथ्याङ्कहरूलाई गुणात्मक रूपमा परिवर्तन गरी व्याख्या, विश्लेषण र विवेचना गरिएको छ । कतिपय तथ्याङ्कहरूलाई यस शोधपत्रमा उल्लेख गरिएका वाद, सिद्धान्त र पूर्व साहित्यहरूसँग तुलनात्मक अध्ययन गरिएको छ ।

उपर्युक्तानुसार विश्लेषित तथ्याङ्कहरूबाट निचोड तथा निष्कर्ष निकालिने छ र सुधार गर्नुपर्ने पक्षहरूलाई सुधारका लागि सुझावका रूपमा प्रस्तुत गरिएको छन् ।

# परिच्छेद चार : नतिजाको व्याख्या एवं विश्लेषण

अध्ययनको क्रममा प्राप्त जानकारी तथा तथ्याङ्कहरूको प्रस्तुती व्याख्या र विश्लेषण पश्चात मात्र सो अध्ययन कार्यको उद्देश्यमा पुग्न सकिन्छ। यस परिच्छेदमा मोरङ्ग जिल्ला केरावारी गा.वि.स.को वडा नं.९ मा पर्ने चार ओटा सामुदायिक विधालयहरूबांट प्राप्त निरन्तर मुल्याङकन सम्वन्धि विभिन्न सुचना तत्याङक तथा जानकारीहरूलाई क्रमश शिर्षक र उपशिर्षक चयन गरी विश्लेषण गरीएको छ।

## ४.१ निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनको वर्तमान अवस्था

उदार अनुसन्धानको छनोटमा परेका केरावारी स्रोत केन्द्रका श्री लक्ष्मी मा.वि. केरावारी -९ भलुवा, वुद्ध मा. वि. केरावारी-९ देवीझोडा, रामवीर प्रा..वि केरावारी-९ घंगरू र दुर्गा प्रा.वि. केरावारी-९ विराजेमा निरन्तर मुल्याङकन प्रणालीको वर्तवान अवस्थाको अध्ययन गर्नको लागि शिक्षकहरू, प्र.अ., विद्यार्थीहरू, अभिभावक, स्रोत व्यक्ति र विनिका लागि अनुसुचीमा अन्तर्वार्ता प्रश्नहरूलाई उल्लेख गरीएको छ। जसको प्रयोग गरी प्राप्त उत्तरका आधारमा निरन्तर मुल्याङकन प्रणालीको वर्तमान अवस्थालाई विद्यार्थीको उदार कक्षोन्नती, निरन्तर मुल्याङकनका मापदण्डहरूको प्रयोग, निरन्तर मुल्याङकनमा अभिलेखिकरणको व्यवस्था, कार्यसंञ्चयीका फायलको व्यवस्था, कार्यप्रगतीविववरण जस्ता शिर्षकहरूमा व्याख्या तथा विश्लेषण गरीएको छ।

### ४.१.१ उदार कक्षोन्ती

उदार कक्षोन्तीमा विद्यार्थीको सिकाई उपलव्धीको निरन्तर मुल्याङकन गरी औपचारीक परीक्षा विना नै कक्षा चलाइन्छ। यस निति अनुसार कक्षोन्नती हुनमा लागि विद्यालय खुलेृको दिनको ७०% हाजिर र माथिल्लो कक्षामा जान उमेर पुगेको हुनुपर्दछ। कक्षोन्नती गर्दा अभिभावकको रायलाई समेत आधार मानिने नितिगत व्यवस्था रहेको छ।

सोधको नमुना छनौटमा परेका विद्यालयहरूमा विद्यार्थीलाई माथिल्लो कक्षामा कक्षोन्नती गर्न विच-विचमा परीक्षा लिएता पनि प्रगति फारममा विद्यार्थीको विवरण वर्षको अन्तत्यमा मात्र भर्ने

गरेको कुरा विद्यालयका प्र.अ.हरूले वताउनु भयो । कक्षोन्नती गर्दा अभिभावकको रायलाई समेत आधार मानिने नितीगत व्यवस्था भएता पनि केहि  विद्यालयमा अभिभावकको राय नलिई माथिल्लो कक्षामा लाने गरेको पाइयो । छलफलको लागी निमन्त्रण गर्दा धेरै अभिभावक नआउने हुदा विषयगत शिक्षकसँगै छलफल गरी माथिल्लो कक्षामा लाने गरेको कुरा प्र.अ.ले वताउनु भयो । अभिभावकहरूमा भने ४-५ जना शिक्षित अभिभावक बाहेक धेरै जना अभिभावक आफ्ना छोराछोरी सधै पास भएकोमा खुशी भएको पाइयो । यसरी उदार कक्षोन्नतीले गर्दा विद्यार्थीहरूदे पनि धेरै पढ्नु नपर्ने, त्यसै पास भईहालिन्छ नि भनि मेहनत कम गर्ने गरेको पाइयो ।

केहि विद्यालयका शिक्षकहरूमा निरन्तर मुल्याङकन भनेको नै कक्षोन्नती गर्नु हो, फेल नपार्नु हो भन्ने धारणले गर्दा न्युन्तम आधारनै नपुगेका कमजोर विद्यार्थीहरूलाई पनि कक्षोन्नती गरेको र विद्यार्थीका अभिभावकहरूसँग कुनै सुझाव नै नलिई कन आफ्नै इच्छा अनुसार गर्ने गरेको पाइयो ।

### ४.१.२ निरन्तर मुल्याङकनका मापदण्डहरूको प्रयोगको अवस्था

पाठ्यक्रममा उल्लेख भए अनुसार निरन्तर मुल्याङकनका आधारहरू कक्षा कार्य/गृहकार्य , परीयोजना कार्य व्यवहार परीवर्तन, सिृजनात्मक कार्य, हाजिरीलाई वनाउनु पर्दछ । अध्ययन क्षेत्रमा परेका ४ बटा विद्यालयका ८ जना शिक्षकहरूले पाठ्यक्रममा उल्लेख भएका मापदण्डलाई निम्न अनुसार मुल्याङकनको आधार वनाएको  पाइाये । जसलाई तालिकाद्धारा प्रस्तुत गरीएको छ ।

तालिका नं. १ : निरन्तर मुल्याङकनका मापदण्डहरूको प्रयोग

| क्र.सं. | मापदण्डहरू | प्रयोग गर्ने | | प्रयोग नगर्ने | |
|---|---|---|---|---|---|
| | | शिक्षक संङख्या | प्रतिशत | शिक्षक संङख्या | प्रतिशत |
| १ | कक्षाकार्य/गृहकार्य | ६ | ७५ | २ | २५ |
| २ | परीयोजना कार्य | २ | २५ | ६ | ७५ |
| ३ | व्यवहार परीवर्तन | ४ | ५० | ४ | ५० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सिृजनात्मक कार्य | ३ | ३७.५० | ५ | ७२.५० |
| ५ | हाजिरी | ७ | ८७.५० | १ | १२.५० |

स्रोत: स्थलगत सर्वेक्षण २०७३

माथिको तालिका अनुसार निरन्तर मुल्याङकनका मापदण्डमध्ये हाजिरीलाई सवै भन्दा वढि ८७.५० प्रतिशतले प्रयोग गरेको देखियो भने परीयोजना कार्यको प्रयोग २५ प्रतिशतले मात्र गरेको पाइयो । यस तथ्याङकलाई विश्लेषण गर्दा पाठ्यक्रमले तोकेको मापदण्डको प्रयोग सवै शिक्षकहरूले पूर्ण रूपमा गरेको पाइदैन ।

### ४.१.३ निरन्तर मुल्याङकन प्रणालीमा अभिलेखिकरणको तरीका र प्रयोगको अवस्था

अध्ययन क्षेत्रका विद्यालयबाट छनोटमा परेका शिक्षकहरूले निरन्तर मुल्याङकन फारमको प्रयोग कहिले गर्ने त्यसको अभिलेख कहिलेकसरी राख्ने गरीएको छ भनी सोधिएको प्रश्नमा प्राप्त जवाफलाई तलको तालिकाद्धारा प्रष्ट पारीएको छ :

तालिका नं. २ : शिक्षकले निरन्तर मुल्याङकन फायल भर्ने समय

| क.सं. | फायल भर्ने समय | फायल भर्ने शिक्षक संङख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दैनिक रूपमा | - | - |
| २ | पाठको अन्त्यमा | १ | १२.५० |
| ३ | मासिक रूपमा | २ | २५ |
| ४ | त्रैमासिक रूपमा | ५ | ६२.५० |
| ५ | वार्षिक रूपमा | - | - |

स्रोत: स्थलगत सर्वेक्षण २०७३

मथि उल्लेखित तालिकाको आधारमा हेर्दा दैनिक रूपमा मुल्याङकन अभिलेख कसैले पनि राख्ने गरेको पाइएन । त्रैमासिक रूपमा भने सवै शिक्षकहरूले प्राय प्रयोग गर्ने गरेको पाइयो ।

## ४.१.४ कार्य सञ्चयिका फायल प्रयोगको अवस्था

कार्यसंञ्चयिकामा हरेक विद्यार्थीको नमुना कार्यको सङकलन र सिकाइ उपलव्धी सुचक रहेको प्रगति विवरण समेत राखिन्छ । निरन्तर मुल्याङकन प्रणाली मापदण्डको आधारमा विद्यार्थीहरूको मुल्याङकन गर्ने र सिकाई उपपलव्धी पाठगत आधारमा उत्तम विद्यार्थीलाई ३ ओटा रेजा (√√√) मध्यमलाई २ ओटा रेजा (√√) र न्युन सिकाई भएका विद्याथीलाई  एउटा रेजा (√) दिएर मुल्याङकन गर्ने र अभिलेख राख्ने व्यवस्था गरीएको् छ । विद्याथर्गीको प्रगति आभलेख राख्न हरेक कक्षाको विषयगत फायल राख्नुका साथै प्रत्येक विद्यार्थी को छुट्टा छुट्टै कार्य संञ्चयिका राखी तोकिएका मापदण्डका आधारमा अध्यावदिक गर्नु पर्ने व्यवस्था छ । अध्ययन क्षेत्रका विद्यालयका शिक्षकहरूले कार्यसञ्चयिका निर्माण र यसको प्रयोग निम्न अनुसार गरेको पाइयो

तालिका नं. ३ : कार्यसञ्चयिका फायलको प्रयोगको विवरण

| कार्यसञ्चयिका प्रयोग गर्ने | | कार्यसञ्चयिका प्रयोग नगर्ने | |
|---|---|---|---|
| शिक्षक संङख्या | प्रतिशत | शिक्षक संङख्या | प्रतिशत |
| ६ | ७५ | २ | २५ |

स्रोतः स्थलगत सर्वेक्षण २०७३

माथिको तालिको आधारमा यस शोधको नमुना छनोटमा परेका विद्यालयमा विद्यार्थीको कार्यसंञ्चयिका फायल ६ जना (७५%)ले प्रयोग गरेको पाइयो । विद्यार्थीको अभिलेख राख्न कक्षागत उपलव्धी सुचको आधारमा पाठ्यक्रममाविद्यार्थीको प्रगति विवरण पाठको अन्त्यमागरीनु पर्थ्यो तर अभिलेख फारम वर्षको अन्त्यअन्तय तिर मात्र निर्माण तथा प्रयोग गरेको पाइयो । यो विधि आफैमा झन्झटिलो विगधि भएको ले गर्दा वुझाईमा अस्पष्टता तथा भर्ने सिपको कमिले प्रयोग गर्न नचाहेको तथापी पनि सम्वन्धित निकायको कडा अनुगमन र निरीक्षण हुने हो भने यसले निरन्तरता पाउने भन्ने जानकारी प्राप्त भयो  । यी कुराहरूबाट के प्रष्ट हुन्छ भने विद्यार्थी मुल्याङकन गर्न प्रत्येक विद्यार्थीको कार्य संञ्चयिका प्रयोग गर्दा विद्यार्थीले आफ्नो प्रगति आफैले सजिलै थाहा पाउन सक्छन् त्यसैले हरेक विद्यार्थीको कार्य संञ्चयिका राख्नु आवश्यक भएता पनि विविध कारणहरूले कार्यान्वयन पक्ष अलि फितलो रहेको पाइयो ।

### ४.१.५ विद्यार्थीका कार्य प्रगति विवरण

यस शोध कार्यको नमुना छनोटमा परेका विद्यालयहरू विद्यार्थी प्रगती विवरणको अवस्था वुझ्दा ४ वटै विद्यालयका प्र.अ.हरूले विद्यार्थी कार्य प्रगती विवरण त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाको अन्त्यमा वितरण गर्ने गरेको र अरू समयमा अभिभावकले चाहेमा जुन सुकै समयमा पनि हेर्न सक्ने कुरा वताउँनु भयो ।विद्यार्थी प्रगति विवरण वितरणको सम्वन्धमा कस्तो किसिमको विवरण वितरण गर्नु हुन्छ भनि राखिएको जिज्ञासामा निम्न अनुसारले वितरण गर्ने गरेको जानकारी पाइयो :

तालिका नं. ४ : विद्यार्थीका प्रगती विवरणको किसिम

| क.सं | विद्यार्थी प्रगती विवरणको किसिम | विद्यालय संङख्या | प्रतिश्त |
|---|---|---|---|
| १ | आवधिकको मात्रा प्रगती विवरण दिने | १ | २५ |
| २ | निरन्तरको मात्र प्रगति विवरण दिने | - | - |
| ३ | निरन्तर आवधिक दुवैको प्रगति विवरण दिने | ३ | ७५ |

स्रोतः स्थलगत सर्वेक्षण २०७३

माथिको तालिका अनुसार छनोटमा परेका विद्यालय मध्ये एक विद्यालयले आवधिक मुल्याङकनको विवरण दिने र तिन विद्यालयल् आवधिक निरन्तर दुवै मुल्याङकनको विवरण एकैसाथ विद्यार्थीहरूलाई वितरण गरेको पाइयो । त्यसै गरी निरन्तर मुल्याङकनको मात्र वितरण कुनै पनि विद्यालयले गरेको पाइएन ।

## ४.२ निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनबाट विद्यार्थीमा परेको प्रभाव

कुनै पनि कार्यक्रमको कानर्याान्वयन अर्थात् त्यसको व्यावहारिक प्रयोगबाट सम्बन्धित सरोकारवाला पक्षहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव परिरहेको हुन्छ । सोही मुताविक यस निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनबाट पनि विद्यार्थीको शैक्षिक सहभागिता, नियमितता, सिकाइ उपलब्धि जस्ता विभिन्न पक्षहरूमा प्रभाव पारेको पाइयो । त्यस्ता पक्षहरूमध्ये केहीलाई प्रस्तुत अध्ययनको यस शीर्षकअन्तर्गत निम्नानुसारका उप शीर्षकहरूमा विभाजन गरी प्राप्त तथ्याङ्कको प्रस्तुतीकरण, व्याख्या र विश्लेषण गरी अध्ययन गरिएको छ ।

### ४.२.१ विद्यार्थीको शैक्षिक सहभागिताको अवस्था

विद्यार्थीको शैक्षिक सहभागितामा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयनले के कस्तो प्रभाव पारेको छ भन्ने कुराको अध्ययन गर्न नमुना छनोटमा परेका विद्यालयका  विद्यार्थीको शैक्षिक सहभागिताको अवस्था निम्न अनुसार रहेको पाइयो :

तालिका : ५ विद्यार्थीको शैक्षिक सहभागिताको विवरण

| क्र.सं. | विद्यालयको नाम | नियमित आउने विद्यार्थी (%) | कहिलेकाहि आउने विद्यार्थी (%) | परीक्षाको वेलामा मात्र आउने विद्यार्थी (%) |
|---|---|---|---|---|
| १ | वुद्ध मा.वि. | ८० | १५ | ५ |
| २ | लक्ष्मी मा.वि. | ७५ | २० | ५ |
| ३ | रामवीर प्रा.वि. | ८० | १८ | २ |
| ४ | दुर्गा प्रा.वि. | ७३ | १९ | ८ |

स्रोत :विद्यालय सर्वेक्षण २०७३

उल्लेखित तालिकाको आधारमा हेर्दा चार वटै विद्यालयमा लगभग ८०% विद्यार्थीहरू मात्र नियमित विद्यालयमा आउने गरेको पाइयो । १५-२०प्रतिशत विद्यार्थी हरू कहिले काहि मात्र विद्यालय आउने गरेको र ८-२ प्रतिशत सम्म विद्यार्थीहरू परीक्षा दिन मात्र आउने गरेको पाइयो ।

यस शोध अध्ययनका क्रममा शैक्षिक सहभागिता  कमि रहनुमा गरिवि, अभिभावकहरूमा चेतनाको कमि, विद्यार्थीहरू आफै पढ्नमा जागरूक नहुनु, जस्ता कारणरू नै यसको मुख्य पक्षको रूपमा रहेको पाइयो ।

## ४.२.२ शैक्षिक उपलब्धि

सामुदायीक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका` प्रयोगको अवस्था अध्ययन गर्ने क्रममा श्री लक्ष्मी मा.वि.को कक्षा ५, श्री वुद्ध मा.विकक्षा ५. श्री रामवीर प्रा.वि कक्षा ५.र श्री दुर्गा प्रा.वि.कक्षा ५ अध्ययन गर्ने विद्यार्थीहरूको २०६९,२०७०,२०७१ साल गरी तिन वर्षको शैक्षिक उपलव्धी विवरण तल प्रस्तुत गरीएको छ ।

तालिका नं ६  विद्यार्थीको शैक्षिक उपलब्धि विवरण

| विद्यालयको नाम | शैक्षिक सत्र वि.स.मा | कक्षा | जम्मा विद्यार्थी संख्या | उतीर्ण संख्या | कक्षा दोह्ऱ्याउने | विद्यालय छाड्ने |
|---|---|---|---|---|---|---|
| वुद्ध मा.वि. | २०६९ | ५ | २९ | २८ | – | १ |
| | २०७० | | ३२ | ३० | १ | १ |
| | २०७१ | | ३९ | ३६ | २ | १ |
| लक्ष्मी मा.वि. | २०६९ | ५ | ४० | ४० | – | – |
| | २०७० | | ४५ | ४० | २ | ३ |
| | २०७१ | | ४१ | ३८ | २ | १ |
| रामवीर प्रा.वि. | २०६९ | ५ | ५० | ५० | – | – |
| | २०७० | | ४७ | ४५ | २ | – |
| | २०७१ | | ४५ | ४३ | – | २ |
| दुर्गा प्रा.वि. | २०६९ | ५ | ३५ | ३५ | – | – |
| | २०७० | | ३६ | ३६ | – | – |
| | २०७१ | | ३४ | ३३ | १ | – |

स्रोतः स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकाको आधारमा नमुना छनोटमा परेका ४ वटै विद्यालयको शैक्षिक सत्र २०६९, २०७०,२०७१ को नतिजा विवरण बाट हामी यो कुरा सहजै अनुमान गर्न सक्छौ कि निरन्तर मुल्याङकन प्रणालीले विद्यालयको विद्यार्थी उर्तिण दरलाई वृद्धि गरेको पाइयो । तालिकाको आधारमा श्री वुद्ध मा. वि. को कक्षा ५ को २०६९,०७०,०७१ को नतिजा हेर्दा उर्त्तिणदर राम्रो रहेको र नगन्य विद्यार्थीहरूले मात्र कक्षा दोहोऱ्याएको र विद्यालय छोडेको पाइयो । त्यसै गरी लक्ष्मी मा.वि.को कक्षा ५ को २०६९,०७०,०७१ को नतिजा हेर्दा उर्त्तिणदर राम्रो रहेको  र ४-४ जना विद्यार्थीहरूले कक्षा दोहोऱ्याएको र विद्यालय छोडेको पाइयो । त्यसै गरी रामवीर प्रा.वि.को कक्षा ५ को

२०६९,०७०,०७१ को नतिजा हेर्दा उर्त्तिणदर राम्रो रहेको र २ जना विद्यार्थीहरूले कक्षा दोहोऱ्याएको र २ जनाले विद्यालय छोडेको पाइयो । त्यसैगरी दुर्गा प्रा.वि.को २०६९,०७०,०७१ को नतिजा हेर्दा २०६९,०७० मा सत प्रतिशत विद्यार्थी उर्तिण भएको र २०७१ मा १ जना विद्यार्थीले मात्र कक्षा दोहोऱ्याएको पाइयो ।

अन्त्यमा निरन्तर मुल्याङकन प्रणाली र उर्त्तिणदर बारे नमुना छनोटमा परेका विद्यालयका प्र.अ.तथा शिक्षकहरूसँग छलफल गर्दा यसलाई निरन्तर मुल्याङकन प्रणालीको सकारात्मक पक्षको रूपमा लिएको पाइयो ।

### ४.२.३ औसत सिकाइ उपलब्धि

अध्ययन कार्यका लागि नमुना छनोटमा परेका ४ विद्यालयको कक्षागत सिकाइ उपलब्धीवारे अध्ययन गर्न शैक्षिक सत्र २०६९ ,०७०,०७१ सालको श्री वुद्ध मा.वि., लक्ष्मी मा.वि., रामवीर प्रा.वि.र दुर्गा प्रा.वि. को कक्षा ५ को औसत सिकाइ उपलब्धी निम्नानुसार रहेको पाइयो ।

तालिका नं.७ औसत सिकाइ उपलब्धि विवरण

| विद्यालयको नाम | शैक्षिक सत्र वि.स.मा | कक्षा | औसत सिकाइ उपलब्धि |
|---|---|---|---|
| वुद्ध मा.वि. | २०६९ | ५ | ५९.०० |
| | २०७० | | ६१.०० |
| | २०७१ | | ६५.०० |
| लक्ष्मी मा.वि. | २०६९ | ५ | ५७.०० |
| | २०७० | | ५९.०० |
| | २०७१ | | ६०.०० |
| रामवीर प्रा.वि. | २०६९ | ५ | ५५.०० |
| | २०७० | | ५७.०० |

| | | | |
|---|---|---|---|
| | २०७१ | | ५९.०० |
| दुर्गा प्रा.वि. | २०६९ | ५ | ५७.०० |
| | २०७० | | ६२.०० |
| | २०७१ | | ६५.०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकाको आधारमा श्री वुद्ध मा.वि को २०६९मा  कक्षा ५ को औसत सिकाइ उपलव्धी ५९ प्रतिशत थियो त्यस पछि क्रमस ०७०र ०७१ मा ६१ प्रतिशत र ६५ प्रतिशत भइ पहिले भन्दा औसत उपलव्धीमा क्रमस प्रगति भएको पाइयो । त्यसैगरी श्री लक्ष्मी मा.वि को २०६९मा  कक्षा ५ को औसत सिकाइ उपलव्धी ५७ प्रतिशत थियो त्यस पछि क्रमस ०७०र ०७१ मा ५९ प्रतिशत र ६० प्रतिशत भइ पहिले भन्दा औसत उपलव्धीमा क्रमस प्रगति भएको पाइयो । त्यसैगरी रामवीर प्रा.वि.को २०६९मा  कक्षा ५ को औसत सिकाइ उपलव्धी ५५ प्रतिशत थियो त्यस पछि क्रमस ०७०र ०७१ मा ५७ प्रतिशत र ५९ प्रतिशत भइ पहिले भन्दा औसत उपलव्धीमा क्रमस प्रगति भएको पाइयो । त्यसैगरी दुर्गा प्रा.वि.को २०६९मा  कक्षा ५ को औसत सिकाइ उपलव्धी ५७ प्रतिशत थियो त्यस पछि क्रमस ०७०र ०७१ मा ६२ प्रतिशत र ६५ प्रतिशत भइ पहिले भन्दा औसत उपलव्धीमा क्रमस प्रगति भएको पाइयो ।

नमुना छनोटमा परेका चारै वटा विद्यालयको औसत सिकाइ उपलब्धिको अध्ययन गर्दा निरन्तर मूल्याङ्कन लागू भए पश्चात सिकाइ उपलब्धिमा वृद्धि हुँदै गएको देखिन्छ । यस विषयमा विद्यालयका प्र.अ. तथा शिक्षकहरुसँगको छलफलका क्रममा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको सहि रुपमा प्रयोग गर्न सकिएको खण्डमा अझ राम्रो नतिजा प्राप्त गर्न सकिने तथा औसत सिकाइ उपलब्धि वृद्धि गर्न सकिने कुरा बताउनु भयो ।

## ४.३ निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा देखिएका समस्याहरु पहिचान गर्ने

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयका क्रममा देखा परेका विभिन्न समस्याहरुलाई तल प्रस्तुत गरिएको छ ।

### ४.३.१ प्रभावकारी तालिमको अभाव

हरेक क्षेत्रमा तालिमको महत्त्वलाई सबैले स्वीकारेको हुन्छ । शिक्षण सिकाइ प्रकृयामा तालिमको विशेष महत्त्व रहेको हुन्छ । विद्यालयमा कार्यरत शिक्षकलाई निरन्तर मूल्याङ्कन सम्बन्धि तालिमको व्यवस्थाले सहि रुपमा मूल्याङ्कन गर्न सिकाउँछ । तर यस शोध कार्यको अध्ययन क्षेत्रमा परेका विद्यालयमा गरिएको प्रश्नावली अनुसार विगत ३ वर्षमा बुद्ध मा.वि.मा १३ जना (७० प्रतिशत), लक्ष्मी मा.वि.मा १५ जना (६० प्रतिशत), रामविर प्रा.वि.मा ५ जना (५० प्रतिशत) र दुर्गा प्रा.वि.मा ४ जना (४० प्रतिशत) शिक्षकहरुले मात्र निरन्तर मूल्याङ्कन सम्बन्धि तालिम लिएको देखिन्छ । यसरी तालिमको अभावले गर्दा शिक्षकले निरन्तर मूल्याङ्कनको प्रयोग सहि रुपमा गर्न नजानेको बताउनु भयो । स्किनर (१९३१) को क्रियापरक सिकाइ सिद्धान्तमा सिकाइमा सकारात्मक  पुनर्बल प्राप्त कुनै पनि उत्तेजनाले प्राणीको क्रियात्मक व्यवहारमा परिवर्तन ल्याउँछ, । त्यस उत्तेजनाप्रति उसका व्यवहारहरु क्रियाशिल हुन थाल्छन् भनेजस्तै शिक्षकलाई पनि निरन्तर मूल्याङ्कन सम्बन्धि नविनतम तालिमहरुको व्यवस्था गरी यस प्रणालीको अधिकतम प्रयोग गर्न क्रियाशिल बनाउनु पर्नेमा सो हुन सकेको पाइएन ।

### ४.३.२ समयको अभाव

निरन्तर मूल्याङ्कन प्रणालीलाई किन सहि रुपमा प्रयोग गर्न सकिएको छैन भनी राखिएको जिज्ञासामा समयको अभावलाई पनि एक समस्याको रुपमा लिएको पाइयो । शिक्षकहरुका अनुसार दैनिका सात पिरियड नै अध्यापन गर्नु पर्ने र समयमा नै पाठ्यपुस्तक पढाएर सक्नुपर्ने हुनाले समयको अभाव रहेको बताउनुभयो । २ जना (२५ प्रतिशत) प्रधानाध्यापक तथा ४ जना (५० प्रतिशत) शिक्षकले शिक्षक दरबन्दि न्युन रहेका कारण साथै पाठ्यभार मिलाउँदा एक जना शिक्षकले ७ विषयसम्म अध्यापन गर्नुपर्ने भएकाले सबै विषयको मूल्याङ्कन विवरण मूल्याङ्कन फायलमा चढाउने कार्य समयको अभावले गर्दा गर्न नसकिएको कुरा व्यक्त गर्नुभयो । यसरी नै दैनिक पाठनोट बनाउनु पर्ने, विद्यार्थीको गृहकार्य जाँच्नुपर्ने जस्ता कार्य पनि साथसाथै गर्नु पर्ने हुनाले कार्यसञ्चयिका फायल भर्न समयको अभावलाई पनि एक समस्याको रुपमा व्यक्त गरेको पाइयो ।

### ४.३.३ अनुगमन तथा सुपरिवेक्षण सम्बन्धि समस्या

माथिल्लो निकाय वा सरोकारवाला निकायहरुबाट विद्यालयको हरेक पक्षको नियमित रुपमा निरीक्षण, सुपरिवेक्षण र अनुगमन गरी विद्यालयमा देखिएका कठिनाई, शैक्षणिक क्रियाकलाप सम्बन्धि समस्या वा शिक्षकहरुका समस्याहरुमा आवश्यक सल्लाह र सुझाव दिनुपर्ने प्रावधान रहे तापनि जि.शि.अ. तथा बि.नि.बाट विद्यालयको निरीक्षण तथा अनुगमन गरेको पाइएन । विद्यालय निरीक्षकले कम्तिमा महिनामा एक पटक आफ्नो क्षेत्रका विद्यालयको निरीक्षण गरी प्रत्येक विद्यालयका १० प्रतिशत विद्यार्थीको कार्यसञ्चयिकाको स्थलगत अध्ययन गरी कार्यसञ्चयिकामा विद्यार्थीको नमुना कार्यमा प्रमाणित गरी कार्यसञ्चयिका व्यवस्थापन गर्दा हुने समस्या समाधानका लागि शिक्षकलाई आवश्यक सल्लाह र सहयोग गर्नुपर्ने हुन्छ (कोइराला, २०६७) । तर अध्ययनक क्षेत्रका विद्यालयको अवलोकनका क्रममा वर्षमा १ पटक पनि जि.शि.अ. तथा वि.नि.बाट निरीक्षण गरेको पाइएन । स्रोतव्यक्तिबाट वर्षमा २ पटक सम्म अनुगमन गरेको पाइयो । वि.व्य.स. पदाधिकारीबाट भने वर्षमा १५ पटक सम्म विद्यालयको अनुगमन हुने गरेको पाइयो । स्किनर ( १९३१) ले भनेजस्ते सकारात्मक पुनर्बलका माध्यमबाट सिकारुलाई अभ्यस्त बनाई उसको व्यवहारमा परिवर्तन ल्याउनु पर्नेमा विद्यालयमा माथिल्लो निकाय वा सरोकारवालाहरुबाट नियमित रुपमा विद्यालयको अनुगमन नगरेका कारणले शिक्षकहरुका समस्या तथा निरन्तर मूल्याङ्कन प्रणाली प्रयोगको अवस्था, कार्यसञ्चयिकाको व्यवस्थापन जस्ता पक्षमा देखिएका समस्याको बारेमा आवश्यक सल्लाह, सहयोग र पृष्ठपोषणको अभावमा निरन्तर मूल्याङ्कन प्रणालीको प्रयोग सही रुपमा भएको पाइएन ।

### ४.३.४ निरन्तर मूल्याङ्कन फारम नियमित नभर्नु

प्र.अ.तथा शिक्षकहरुसँगको अन्तरक्रिया र स्थलगत अवलोकनका क्रममा कार्यसञ्चयिका फायलमा प्रत्येक पाठको अन्त्यमा नियमित रुपमा कोही पनि शिक्षकले विद्यार्थी विवरण भर्ने गरेको पाइएन । यसरी नै २ जना शिक्षकले मासिक रुपमा फायलमा विवरण चढाउने गरेको पाइयो । ५ जना शिक्षकले त्रैमासिक रुपमा विद्यार्थी विवरण राख्ने गरेको पाइयो । यस बाहेक १ जना शिक्षकले भने पाठको अन्त्यमा विद्यार्थी प्रगति विवरण आफ्नै तरिकाले राख्ने गरेको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने विद्यार्थीको सर्वाङ्गिण पक्षको विकास गर्न उनीहरुको दैनिक व्यवहार, अतिरिक्त क्रियाकलाप, सिर्जनात्मक कार्यको अवलोकन गरी त्यसको विवराण मूल्याङ्कन फायलमा प्रत्येक

पाठको अन्त्यमा चढाउनु पर्नेमा सो अनुरुप कार्य प्र.अ.तथा शिक्षकबाट हुने गरेको पाइएन । ती फायलहरु पनि कक्षागत रुपमा फरक फरक हुनाले भर्नलाई कठिनाइ भएको धारणा व्यक्त गरेको पाइयो । स्किनर (१९३१) ले भनेजस्तै व्यवहारको मात्रा वृद्धि गर्न तथा चाहेको व्यवहार निर्माणका लागि समेत पुनर्बलको आवश्यकता पर्ने जस्तै विद्यार्थीको दैनिक व्यवहारको अवलोकन गरी सकारात्मक व्यवहार परिवर्तनका लाागि उचित पुनर्बल दिनुपर्नेमा सो हुन नसकेको पाइयो ।

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयका क्रममा देखा परेका विभिन्न समस्याहरुलाई तल प्रस्तुत गरिएको छ ।

## ४.४ निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरू

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई सफल बनाउनका लागि नमुना जनसङ्ख्याबाट प्राप्त प्रतिक्रियाका आधारमा अपनाउन सकिने उपायहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.४.१ प्रभावकारी शिक्षक तालिमको व्यवस्था

विद्यार्थीको मूल्याङ्कन सहज तरिकाले गर्न के गर्नुपर्छ भनी शिक्षक, प्र.अ. तथा वि.व्य.स. पदाधिकारीहरुसँग राखिएको जिज्ञासामा शिक्षकलाई प्रभावकारी तालिमको व्यवस्था गर्नुपर्ने कुरामा जोड दिएको पाइयो । अध्ययन क्षेत्रमा परेका विद्यालयमा तालिमको अवस्था हेर्दा औसत रुपमा ५० प्रतिशत मात्र शिक्षक तालिम प्राप्त रहेको पाइयो । स्किनर (१९३१) को कार्यपरक सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्तमा कुनै पनि काम गर्न क्रियाशिल बनाउने तत्वलाई पुनर्बलको रुपमा उल्लेख गरे जस्तै प्र.अ. तथा शिक्षकहरुलाई तालिमको व्यवस्था गरि निरन्तर मूल्याङ्कन प्रणालीको प्रयोगका सम्बन्धमा स्पष्ट पार्न सकेमा यसलाई प्रभावकारी रुपमा लागु गर्न सकिन्छ ।

### ४.४.२ नियमित अनुगमन तथा सुपरिवेक्षण

शिक्षा नियमावलीमा नै प्रष्ट रुपमा जि.शि.अ., वि.नि. तथा स्रोतव्यक्तिले विद्यालयको निरीक्षण गर्ने, गराउने कुरा उल्लेख गरिएको छ । तर नमुना छनोटमा परेका विद्यालयमा सरोकारवाला निकायबाट अनुगमन भएको पाइएन । स्रोतव्यक्तिबाट न्यूनतम रुपमा र वि.व्य.स.ले मात्र समय समयमा अनुगमन तथा निरीक्षण गरेको पाइयो । निरन्तर मूल्याङ्कनलाई प्रभावकारी बनाउन ३ जना (७५ प्रतिशत) प्र.अ., ७ जना (८७.५ प्रतिशत) शिक्षक, ४ जना (५० प्रतिशत) वि.व्य.स. पदाधिकारी र ३ जना (३७.५ प्रतिशत) अभिभावकले माथिल्ला निकायबाट नियमित अनुगमन र निरीक्षण गरेको खण्डमा निरन्तर मूल्याङ्कन प्रणाली सफल हुने तथा प्रभावकारी रुपमा प्रयोग गर्न सकिने धारणा व्यक्त गरेको पाइयो । यसरी अनुगमन गर्दा अन्योलता रहेका विषयमा पनि सहजिकरण हुने कुरा शिक्षकहरुले व्यक्त गरेको पाइयो । स्किनर (१९३१) ले कुनै पनि काम गर्न क्रियाशिल बनाउने तत्वलाई पुनर्बलका रुपमा कार्यपरक सम्बन्ध सिकाइ सिद्धान्तमा उल्लेख गरेझैं प्र.अ. तथा शिक्षकलाई निरन्तर मूल्याङ्कन प्रणाली प्रयोग सम्बन्धमा नियमित अनुगमन र निरीक्षण

गरि अन्यौलता निराकरण साथै पृष्ठपोषण प्रदान गरेमा यस मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रुपमा लागु गर्न सकिन्छ ।

### ४.४.३ पाठ्यक्रम अनुसार नियमित मूल्याङ्कन फारम भर्नु

विद्यार्थीको प्रगति अभिलेख राख्न हरेक कक्षाको विषयगत फायल राखिनुका साथै प्रत्येक विद्यार्थीको छुट्टा छुट्टै कार्यसञ्चयिका समेत राख्नु पर्ने व्यवस्था छ। कार्यसञ्चयिकामा विद्यार्थीको अभिलेख राख्न कक्षागत उपलब्धि सूचकको आधारमा पाठ्यक्रमले निर्दिष्ट गरे अनुसार विद्यार्थीको प्रगति विवरण पाठको अन्त्यमा भरिनु पर्छ । नमुना छनोटमा परेका विद्यालयमा पाठको अन्तमा विवरण भर्ने कार्य नगरेकाले समस्या रहेको पाइयो । यस सम्बन्धमा कसरी यो समस्या निराकरण गर्न सकिएला भन्ने विषयमा शत् प्रतिशत शिक्षक, प्र.अ. तथा स्रोतव्यक्तिले शैक्षिक सत्रको सुरु देखि नै नियमित रुपमा प्रत्येक पाठको अन्त्यमा विवरण भरि सुधार गर्नुपर्ने पक्षमा समयमा नै विद्यार्थीलाई पृष्ठपोषण दिनुपर्ने, जसले शिक्षण सिकाइमा सुधार गर्न सकिने राय व्यक्त गरेको पाइयो । स्किनर (१९३१) ले कक्षाकोठामा पुनर्बलको प्रयोग सम्बन्धमा बालकको क्षमता र सिकाइको वातावरण अनुसार शिक्षकले तत्काल पुनर्बलको व्यवस्था गर्नुपर्छ भनेजस्तै नियमित रुपमा कार्यसञ्चयिकामा विद्यार्थीको विवरण भर्दै प्रत्येक व्यवहारका चरणहरुमा योजनाबद्ध रुपबाट आवश्यकता अनुसार तत्काल पुनर्बल दिदैं सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ ।

## ४.४ प्राप्ति

मथिको तालिका अनुसार निरन्तर मुल्याङकनका मापदण्डमध्ये हाजिरीलाई सवै भन्दा वढि ८७.५० प्रतिशतले प्रयोग गरेको देखियो भने परीयोजना कार्यको प्रयोग २५ प्रतिशतले मात्र गरेको पाइयो । यस तथ्याङकलाई विश्लेषण गर्दा पाठ्यकमले तोकेको मापदण्डको प्रयोग सवै शिक्षकहरूले पूर्ण रूपमा गरेको पाइदैन । नमुना छनोटमा परेका विद्यालयमा विद्यार्थीको कार्यसंञ्चयिका फायल ६ जना (७५%)ले प्रयोग गरेको पाइयो । विद्यार्थीको अभिलेख राख्न कक्षागत उपलव्धी सुचको आधारमा पाठ्यक्रममाविद्यार्थीको प्रगति विवरण पाठको अन्त्यमागरीनु पर्थ्यो तर अभिलेख फारम वर्षको अन्त्यअन्तय तिर मात्र निर्माण तथा प्रयोग गरेको पाइयो । विद्यालय मध्ये एक विद्यालयले आवधिक मुल्याङकनको विवरण दिने र तिन विद्यालयल् आवधिक निरन्तर दुवै मुल्याङकनको विवरण एकैसाथ

विद्यार्थीहरूलाई वितरण गरेको पाइयो। त्यसै गरी निरन्तर मुल्याङकनको मात्र वितरण कुनै पनि विद्यालयले गरेको पाइएन। चार वटै विद्यालयमा लगभग ८०% विद्यार्थीहरू मात्र नियमित विद्यालयमा आउने गरेको पाइयो। १५-२०प्रतिशत विद्यार्थीी हरू कहिले काहि मात्र विद्यालय आउने गरेको र ८-२ प्रतिशत सम्म विद्यार्थीहरू परीक्षा दिन मात्र आउने गरेको पाइयो। नमुना छनोटमा परेका ४ वटै विद्यालयको शैक्षिक सत्र २०६९, २०७०,२०७१ को नतिजा विवरण बाट हामी यो कुरा सहजै अनुमान गर्न सक्छौ कि निरन्तर मुल्याङकन प्रणालीले विद्यालयको विद्यार्थी उर्तिण दरलाई वृद्धि गरेको पाइयो। तालिकाको आधारमा श्री वुद्ध मा. वि. को कक्षा ५ को २०६९,०७०,०७१ को नतिजा हेर्दा उर्त्तिणदर राम्रो रहेको र नगन्य विद्यार्थीहरूले मात्र कक्षा दोहोर्‍याएको र विद्यालय छोडेको पाइयो। त्यसै गरी लक्ष्मी मा.वि.को कक्षा ५ को २०६९,०७०,०७१ को नतिजा हेर्दा उर्त्तिणदर राम्रो रहेको  र ४-४ जना विद्यार्थीहरूले कक्षा दोहोर्‍याएको र विद्यालय छोडेको पाइयो। त्यसै गरी रामवीर प्रा.वि.को कक्षा ५ को २०६९,०७०,०७१ को नतिजा हेर्दा उर्त्तिणदर राम्रो रहेको र २ जना विद्यार्थीहरूले कक्षा दोहोर्‍याएको र २ जनाले विद्यालय छोडेको पाइयो। त्यसैगरी दुर्गा प्रा.वि.को २०६९,०७०,०७१ को नतिजा हेर्दा २०६९,०७० मा सत प्रतिशत विद्यार्थी उर्तिण भएको र २०७१ मा १ जना विद्यार्थीले मात्र कक्षा दोहोर्‍याएको पाइयो।

श्री वुद्ध मा.वि को २०६९मा कक्षा ५ को औसत सिकाइ उपलव्धी ५९ प्रतिशत थियो त्यस पछि क्रमस ०७०र ०७१ मा ६१ प्रतिशत र ६५ प्रतिशत भइ पहिले भन्दा औसत उपलव्धीमा क्रमस प्रगति भएको पाइयो। त्यसैगरी श्री लक्ष्मी मा.वि को २०६९मा कक्षा ५ को औसत सिकाइ उपलव्धी ५७ प्रतिशत थियो त्यस पछि क्रमस ०७०र ०७१ मा ५९ प्रतिशत र ६० प्रतिशत भइ पहिले भन्दा औसत उपलव्धीमा क्रमस प्रगति भएको पाइयो। त्यसैगरी रामवीर प्रा.वि.को २०६९मा कक्षा ५ को औसत सिकाइ उपलव्धी ५५ प्रतिशत थियो त्यस पछि क्रमस ०७०र ०७१ मा ५७ प्रतिशत र ५९ प्रतिशत भइ पहिले भन्दा औसत उपलव्धीमा क्रमस प्रगति भएको पाइयो। त्यसैगरी दुर्गा प्रा.वि.को २०६९मा कक्षा ५ को औसत सिकाइ उपलव्धी ५७ प्रतिशत थियो त्यस पछि क्रमस ०७०र ०७१ मा ६२ प्रतिशत र ६५ प्रतिशत भइ पहिले भन्दा औसत उपलव्धीमा क्रमस प्रगति भएको पाइयो। निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन मा अपनाइने शिक्षण विधि प्रयोगको अवस्था सम्बन्धमा अध्ययन गर्दा यस मूल्याङ्कन प्रणालीअन्तर्गतका खेल विधि, अवलोकन, प्रश्नोत्तर, छलफल, समस्या समाधान जस्ता विधिहरू कम मात्रामा प्रयोगमा रहेको पाइयो भने आत्ममूल्याङ्कन, सहपाठी मूल्याङ्कन जस्ता विधिहरू प्रयोगमा ल्याइएको पाइएन। बरू प्रवचन विधि जस्ता परम्परागत विधिको प्रयोग बढी मात्रामा (६० प्रतिशत) रहेको पाइयो।

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन का लागि आवश्यक मात्रामा शिक्षक तालिमको व्यवस्था नहुनु, शिक्षकले विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा नलिनु, मूल्याङ्कन प्रणालीलाई गाह्रो र झन्झटिलो मान्नु, समयमा पाठ्यक्रम पाठ्यपुस्तक उपलब्ध नहुनु, दैनिक रूपमा विद्यार्थीहरू विद्यालय उपस्थित नहुनु, वर्षैभरि विद्यार्थी भर्ना भइरहनु, शिक्षकले दैनिक रूपमा मूल्याङ्कन नगर्नु, समयाभाव, उपयुक्त रेकर्ड फाइलको अभाव, झन्झटिलो प्रणाली, शिक्षकको अनुपातमा विद्यार्थी सङ्ख्या बढी हुनु, शिक्षकको दैनिक कक्षाकार्यभार सात घन्टीसम्म हुनु जस्ता समस्या देखिए । जसका लागि शिक्षकले आफ्नो पेसाप्रति बफादार रही नियमित रूपबाट अनिवार्य रूपमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुपर्ने, शिक्षकहरूलाई उचित तालिमको व्यवस्था गर्नुपर्ने, शैक्षिक सामग्री, पाठ्यक्रम, पाठ्यपुस्तक समयमा नै उपलब्ध गराउनुपर्ने, विद्यार्थी भर्ना अवधि निश्चित गर्नुपर्ने, शिक्षक-विद्यार्थी अनुपात १:२५ हुनुपर्ने, शिक्षकको कक्षाकार्यभार दैनिक चारदेखि पाँच घन्टीसम्म मात्र हुनुपर्ने र माथिल्लो निकायबाट समय-समयमा अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्नुपर्ने जस्ता सुझावहरू दिइएको पाइयो ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

परम्परागत रुपमा चल्दै आएको लिखित परीक्षाले विद्यार्थीको एकपक्षीय ज्ञानात्मक पक्षको मात्र मापन गरी अन्य मनोक्रियात्मक तथा भावनात्मक पक्षलाई वेवास्ता गरेको महसुश गरी विद्यार्थीको सर्वपक्षिय प्रतिभाको मापन गर्ने उद्देश्यले सर्वप्रथम अमेरिकामा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई  प्रयोग गरिएको थियो । पठनपाठनसँगै विद्यार्थीको सिकाइको स्तर पत्ता लगाई कम सिकेका विद्यार्थीका लागि सुधारात्मक शिक्षण वा व्यक्तिगत रुपमा विशेष ध्यान दिइ सिक्न प्रोत्साहन गर्ने उद्देश्य अनुरुप नेपालमा पनि २०५६ सालमा पूर्वपरीक्षण गरी  प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ मा कक्षा १ देखि क्रमशः कक्षा ३ मा र २०६५ साल देखि कक्षा ४ र ५ मा लागू गरीसकेको र विद्यालय क्षेत्र सुधार योजनाले कक्षा ७ सम्म गर्ने प्रावधान ल्याएर हाल कक्षा ६ र ७ मा कार्यान्वयनको क्रममा रहेको भएता पनि यस प्रतिको अस्पष्टता र अन्यौलताले यो निल्नु न ओकल्नुको अवस्थामा रहेको देखिन्छ ।

सामुदायिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयको अवस्था, त्यसको प्रयोगका समस्या तथा समाधानका उपायहरुको खोजि गर्ने क्रममा अध्ययन क्षेत्रमा प्रा.वि.तह  ( कक्षा १-३) सम्मका विद्यार्थीको मूल्याङ्कनमा पूर्ण रुपमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई अवलम्बन नगरेको अवस्था देखिन्छ । मूल्याङ्कनको क्षेत्रमा ल्याइएको यो एक नयाँ अवधारणा भएकाले सरोकारवालहरु सबैलाई निरन्तर मूल्याङ्कनको वास्तविक मर्म बुझाउन माथिल्लो निकायबाट बढीभन्दा बढी समय तालिम, गोष्ठी, सभा, सम्मेलनमा खर्च गर्नुपर्नेमा विद्यालयका ८० प्रतिशत शिक्षकहरुले निरन्तर मूल्याङ्कन सम्बन्धी छुट्टै तालिम समेत नपाएको  अवस्था देखिन्छ । जसले गर्दा परम्परागत लिखित परीक्षा लिने दिने संस्कारमा परिवर्तन गर्न सकिएको छैन ।

हाम्रा विद्यालयहरुमा मूल्याङ्कन सम्बन्धी अभिभावकरुमा चासो नहुन, खाली कक्षा चढाएर खुसी हुने वातावरण हुनु, विद्यालयहरुले पनि नाम मात्रको निरन्तर मूल्याङ्कन गर्नु, सो सम्बन्धमा शिक्षकहरुमा सहि रुपमा प्रयोग सम्बन्धी जानकारीको अभाव हुनु, तालिम लिएका शिक्षकले पनि अभ्यासमा ल्याउन नसक्नु, स्रोत केन्द्र तथा जिल्ला शिक्षा कार्यालयले गोष्ठी, छलफललाई नाममात्रको औपचारिकतामा सीमित राखेको पाइन्छ । त्यसैगरी सम्बन्धित निकाय तथा व्यक्तिहरुबाट निरन्तर मूल्याङ्कनका सम्बन्धमा अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गरेको

नपाइनु जस्ता विविध कारणले हाल निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनका क्रममा समस्याहरु रहेको देखिन्छ ।

निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनमा ल्याउँदाका समस्याहरु समाधान गर्नतर्फ सरोकारवाला सबै पक्ष लागि पर्नुपर्छ । यसैगरी कार्यसञ्चयिका फायलमा विद्यार्थीको दैनिक व्यवहार र क्रियाकलापको अवलोकन गरी अभिलेख रेकर्ड राख्नका लागि अभ्यासमूलक तालिमको पनि अभाव खड्किएको पाईन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको वास्तविक मर्म र महत्त्वलाई बुझी यसलाई लागू गर्न सकेमा निश्चय नै सिकाइ उपलब्धिमा क्रमिक सुधार हुँदै जाने कुरालाई नकार्न सकिँदैन । वर्षौदेखि हाम्रो अभ्यासमा रहेको परीक्षा प्रणाली सामान्य प्रक्रियाबाट त्याग्न नसकिने हुँदा निरन्तर मूल्याङ्कन प्रणाली लागू गर्न ठोस नीति नियम बनाई राष्ट्रव्यापि अभियानका रुपमा  सञ्चालन गर्नुपर्ने निष्कर्ष निकालिएको

छ ।

## ५.२ सुझावहरू

### ५.२.१ नीतिगत तहमा

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन को आवश्यकता र महत्व प्रष्ट पारी यस मूल्याङ्कन प्रणालीप्रति सकारात्मक धारणाको विकास गर्नका लागि सरोकारवाला सबै पक्ष प्रअ, शिक्षक, विनि, स्रोतव्यक्ति, प्रशिक्षक, अभिभावक, वि.व्य.स. पदाधिकारी, पीटीए पदाधिकारीलाई सचेतना जगाउने खालका सेमिनार र गोष्ठीको व्यवस्था मिलाउनु पर्ने तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा लागू गर्न पाठ्यक्रम विकास केन्द्रले ठोस नीति अपनाई त्यसलाई कडाइका साथ देशव्यापी रूपमा लागू गर्नुपर्दछ ।

नयाँ स्थापित विद्यालयको अनुमति दिँदा विद्यालय नक्साङ्कन गरेर नक्साङ्कनले आवश्यकता देखाएको विद्यालयलाई मात्र अनुमति दिने नीति सरकारी तहबाट लागू गर्न उपयुक्त हुने, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली पनि परीक्षा नै हो, लिखित परीक्षाले समेट्न नसकेका पक्षमा यसले सहज रूपमा सिकाइ मापन गर्न सक्छ भन्ने प्रचारप्रसार शिक्षकसम्म मात्र सीमित राखी अभिभावकसम्म पुऱ्याउन आवश्यक नीति र कार्यक्रम तय गर्नुपर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कनका निर्धारित पाँचवटा मापदण्डलाई आवश्यकताका आधारमा कार्यान्वयनकर्ताले परिवर्तन वा थपघट गर्न सक्ने गरी थप व्यावहारिक मापदण्ड विकास गरेर प्रयोग गर्न सहज बनाउनु

उपयुक्त हुने, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमा सबै पक्षको भूमिका स्पष्ट गरी जिम्मेवारी तोकेर उचित पुरस्कार र दण्डको व्यवस्था गर्न उपयुक्त हुने, निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनको आधार बनाउन शिक्षा मन्त्रालय तथा सो मातहतका निकायबाट आवश्यक नीतिगत व्यवस्था गर्नु उपयुक्त हुने, प्राथमिक तहसम्म अनिवार्य शिक्षाको नीति निर्माण गरी कार्यान्वयन  गर्नुपर्ने, वार्षिक रूपमा मूल्याङ्कन गरी विद्यार्थीको नियमितता तथा सिकाइ उपलब्धि बढी भएका विद्यालयलाई पुरस्कार तथा प्रोत्साहनको व्यवस्था गर्न उपयुक्त हुने, निरन्तर मूल्याङ्कन तथा यसको अभिलेखीकरणमा जिल्लाभरि एकरूपता कायम गर्न जिल्ला बैठकमा आवश्यक निर्देशन र परामर्श गर्न उपयुक्त हुने, तालिम केन्द्र, विनि तथा स्रोत व्यक्तिबाट प्रअ, शिक्षक, अभिभावक, शिक्षक अभिभावक संघका पदाधिकारीहरूलाई निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सम्बन्धी व्यावहारिक र कार्यमूलक तालिम दिइनु उपयुक्त हुने देखिन्छ । यसलाई नीतिमा राखेर मात्र हुँदैन, त्यसको कार्यान्वयनका लागि नेपाल सरकारबाट आवश्यक बजेट र कार्यक्रम पनि शैक्षिक सत्र सुरूमै दिनुपर्ने देखिन्छ ।

### ५.२.२ अभ्यासगत तहमा

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन  गर्दा गरिने क्रियाकलाप, विधि शैक्षिक सामग्री, शिक्षण रणनीति, विद्यार्थी स्तर, पाठयक्रमको स्तर, विद्यार्थीको रूचि, क्षमता, आवश्यकताअनुरूप रहेको हुनुपर्दछ । विद्यालयले शैक्षिक सत्रको सुरूदेखि नै विद्यार्थी मूल्याङ्कन गर्ने परिपाटी सम्बन्धमा सबै शिक्षकहरूसँग छलफल गरी कार्यारम्भ गर्नु उपयुक्त हुने, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन ले विद्यार्थी नियमितता र औसत सिकाइ उपलब्धि बढेको अवस्थामा शिक्षक विद्यार्थीको थप नियमितता र सिकाइ उपलब्धिलाई अझ वृद्धि गर्न यस कार्यक्रमलाई प्रभावकारी बनाई आवश्यक ठोस कार्यक्रम तथा प्रोत्साहनको व्यवस्था गर्नु उपयुक्त हुने, नियमित विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन  गर्नका लागि चाहिने आवश्यक सम्पूर्ण सामग्रीहरू समयमा नै प्रत्येक विद्यालयमा अनिवार्य रूपमा प्राप्त हुनु पर्दछ ।

विद्यार्थी मूल्याङ्कन गर्दा नियमित रूपमा प्रत्येक घन्टीको अन्त्यमा र प्रत्येक दिन सम्पूर्ण विद्यार्थीहरूको अनिवार्य रूपमा गर्नु पर्दछ । विद्यार्थीहरूलाई उनीहरूको अन्तर्निहित क्षमताको विकास हुने गरी, उनीहरूमा आवश्यक ज्ञान, सीप, धारणाको विकास हुने गरी एकले अर्कोलाई सहयोग गर्ने, सामुहिक सहयोगको आदानप्रदान, सृजनात्मक, खोजमूलक, एक समूहमा मिलेर काम गर्ने अवसर जस्ता कुराहरूमा लगाउन विशेष जोड दिनुपर्दछ । प्रत्येक विद्यालयमा निरन्तर विद्यार्थी

मूल्याङ्कन प्रणालीलाई प्रभावकारी तुल्याउन कार्यसञ्चयिका प्रयोगको अनिवार्य व्यवस्था गर्न उपयुक्त हुने, परियोजना कार्यमा विद्यार्थीलाई अभ्यस्त गराउने, अभिभावकहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति पनि परीक्षा नै हो भन्ने भावनाको विकास गराउन अभिभावक भेला गरी सुसूचित र जानकारी गराउनु उपयुक्त हुने, प्रअद्वारा शिक्षकहरूलाई निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी बनाउन बेलाबेलामा कक्षा निरीक्षणका साथ आवश्यक प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गर्नु उपयुक्त हुने, स्रोतव्यक्ति/विनिद्वारा स्रोतकेन्दमा बैठक भेला आयोजना गरी विद्यालयका प्रअ, शिक्षक, शिक्षक अभिभावक संघका पदाधिकारीहरूलाई निरन्तर विद्यार्थी मूल्याङ्कनको महत्वबारे जानकारी गराउन उपयुक्त हुनेछ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षकहरूमा थप सीप, दक्षता हासिल गराउन प्रत्येक विद्यालयले योजना तालिका बनाई सबै शिक्षकलाई तालिम गोष्ठीमा पठाउनुपर्ने र यसका लागि तालिम गोष्ठीको संयोजन स्रोतकेन्द्रबाट गर्ने साथै शिक्षकले तालिममा सिकेका कुरा विद्यालयमा गएर अरू शिक्षकहरूसँग आदनप्रदान गरी सहयोगात्मक सिकाइ प्रक्रियालाई अघि बढाउनु उपयुक्त हुनेछ । प्रत्येक शिक्षकले त्रैमासिक रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगबाट प्राप्त भएको उपलब्धि सम्बन्धमा विद्यालयमा प्रतिवेदन बुझाउने र त्यसमा समीक्षा गरी सुधारात्मक पक्ष भए सुधार गर्दै जानु उपयुक्त हुनेछ ।

प्रत्येक विद्यालयले योजना तालिका बनाई विद्यार्थीहरूलाई नियमित रूपमा गृहकार्य, कक्षाकार्य गराउने र दैनिक रूपमा उनीहरूको प्रगति विवरणको बारेमा विद्यार्थीहरूलाई पृष्ठपोषण प्रदान गर्नुपर्दछ । शिक्षकहरूले आधुनिक शिक्षण विधिको प्रयोग र विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गर्नु पर्दछ । विद्यार्थीहरूको चौतर्फी विकास गराउनका लागि सधैं तत्पर र कटिबद्ध हुनुपर्दछ । आफ्नो पेसाप्रति इमान्दारिता हुनुपर्दछ । अनि मात्र यस मूल्याङ्कन प्रणालीको माध्यमबाट पाठ्यक्रमले राखेको लक्ष्य र उद्देश्य सही रूपमा पूरा हुनेछ ।

## ५.२.३ अनुसन्धान तह

प्रस्तुत अनुसन्धानले सानो क्षेत्र मात्र समेटेको हुनाले यसै शीर्षकमा बृहत दृष्टिकोणबाट अध्ययन अनुसन्धान गर्नु आवश्यक देखिन्छ । त्यसैगरी निरन्तर विद्‌यार्थी मूल्याङ्कन कार्यान्वयनका लागि सरोकारवाला निकायहरुबीच के कसरी समन्वय भइरहेको छ भन्ने विषयमा अनुसन्धान गर्न आवश्यक देखिन्छ । निरन्तर विद्‌यार्थी मूल्याङ्कन कार्यान्वयनका लागि आवश्यक तालिम,

गुणस्तरीय तालिम दिने विधि, प्रक्रियाको खोजि साथै निरन्तर मूल्याङ्कन सम्बन्धी जल्दाबल्दा समस्याहरु तथा त्यस्ता समस्याको कारण पत्ता लगाई तत्काल सुधार गर्न अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

आगामी दिनहरुमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीले सिकाइ उपलब्धिमा पारेको प्रभाव, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सम्बन्धि तालिमको प्रभावकारीता, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारीता, सामुदायिक विद्यालयका आधारभूत तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लगायतका निरन्तर विद्यार्थी मूल्याङ्कनसँग सम्बन्धित विविध विषयहरुमा थप अनुसन्धान गनुपर्ने देखिन्छ ।

# सन्दर्भसूची


अधिकारी, विष्णुभक्त (२०६६), *शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली,* काठमाडौं : आशीष बुक्स हाउस प्रा.लि. ।

आयाम, प्रमोद (२०६८), *शिक्षक मासिक,* वर्ष ४ अंक २५, २०६८ पुस, ललितपुर : जगदम्बा प्रेस ।

कट्टेल, बालचन्द्र, अधिकारी, बालकृष्ण (२०६७), *पाठ्यक्रम योजना र अभ्यास,* काठमाडौं : क्वेस्ट पब्लिकेशन ।

खनाल, पेशल (२०६५), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेशन (स्टुडेन्ट बुक्स) ।

खनाल, पेशल र अन्य (२०६८), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौं : सनलाइट पब्लिकेशन (स्टुडेन्ट बुक्स) ।

गणेश, मोहनलाल (२०६५), *पथरिया स्रोतकेन्द्र झापाको प्राथमिक तहमा उदार कक्षोन्नतिले कक्षा छाड्ने दरमा पारेको प्रभाव एक अध्ययन,* ताहचल : शैक्षिक योजना तथा व्यवस्थापन विभाग, महेन्द्ररत्न क्याम्पस, अप्रकाशित शोधकृति ।

गौतम, चेतनाथ (२०६८), *शिक्षक मासिक, वर्ष ४ अंक २५,* २०६८ पुस, ललितपुर : जगदम्बा प्रेस ।

ज.ब.रा., स्वयंप्रकाश र अन्य (२०६५), *शिक्षामा मापन र मूल्याङ्कन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, माधवप्रसाद, कोइराला, मातृकाप्रसाद (२०६५), *शिक्षाका आधार,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

पराजुली, तीर्थराज र अन्य (२०६५), *शिक्षामा मापन र मूल्याङ्कन,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

पाठ्यक्रम विकास केन्द्र (२०६२, २०६५), *प्राथमिक शिक्षा पाठ्यक्रम,* भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६३), *राष्ट्रिय पाठ्यक्रम प्रारूप,* भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६६), *निरन्तर विद्यार्थी मूल्याङ्कन स्रोतसामग्री,* भक्तपुर : लेखक

पाठ्यक्रम विकास केन्द्र (२०६७), *पाठ्यक्रम गतिविधि,* वर्ष १२, अंक १, प्रथम चौमासिक बुलेटिन, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६८), *निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिका,* भक्तपुर : लेखक ।

पौडेल, नारायणप्रसाद (२०६३), *निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली र यसको शैक्षिक व्यवस्थापनमा प्रभाव,* सुर्खेत जिल्ला विरेन्द्रनगर स्रोतकेन्द्रको एक अध्ययन, सुर्खेत : शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुर्खेत क्याम्पस, अप्रकाशित शोधकृति ।

लामिछाने, मेदनीप्रसाद (२०६८), *शिक्षक मासिक,* वर्ष ४ अंक २५, २०६८ पुस, ललितपुर : जगदम्बा प्रेस ।

वाग्ले, मनप्रसाद, पौडेल, लेखनाथ (२०६८), *पाठ्यक्रम तथा मूल्याङ्कन,* काठमाडौं : प्रकाशक तथा वितरक, विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ (२०५९), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू,* काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६१), *कक्षाकोठामा मनोविज्ञान,* काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स् ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६८), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स् ।

शर्मा 'नेपाल', बसन्त कुमार (२०५७), *नेपाली शब्दसागर,* काठमाडौं : भाभा पुस्तक भण्डार

शिक्षा मन्त्रालय (२०५५), *उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौं : लेखक ।

# निरन्तर मूल्याङ्कन प्रणाली

## अनुसूची एक

अध्ययनका लागि छनोट गरिएका विद्यालय तथा जनसङ्ख्या विवरण

| क.स | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री बुद्ध माध्यमिक विद्यालय | केराबारी - ९ |
| २ | श्री लक्ष्मी माध्यमिक विद्यालय | केराबारी - ९ |
| ३ | श्री रामविर प्राथमिक विद्यालय | केराबारी - ९ |
| ४ | श्री दुर्गा प्राथमिक विद्यालय | केराबारी - ९ |

| क.स. | जनसङ्ख्या | नमुना जनसङ्ख्या |
|---|---|---|
| १ | स्रोतव्यक्ति | १ |
| २ | प्रधानाध्यापक | ४ |
| ३ | वि.नि | १ |
| ४ | शिक्षक | ८ |
| ५ | अभिभावक | ८ |
| ६ | विद्यार्थी | ८ |

# निरन्तर मूल्याङ्कन प्रणाली

## अनुसूची  दुई

### स्रोतव्यक्तिका लागि अन्तरवार्ता अनुसूची

*एम.एड. तहको द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तीका लागि शोधपत्र निर्माण गर्ने उद्‌देश्यले तयार गरिएका निम्न प्रश्नहरुको जवाफ दिई सहयोग गरिदिनुहुन अनुरोध गर्दछु ।*

स्रोतव्यक्तिको नाम :

१. सामुदायिक विद्यालयमा निरन्तर विद्‌यार्थी मूल्याङ्कन प्रयोगको अवस्था कस्तो छ ?

२. केन्द्रीय तहमा निरन्तर विद्‌यार्थी मूल्याङ्कन सम्बन्धी के कस्तो नीति बनेको छ ?

३. निरन्तर विद्‌यार्थी मूल्याङ्कन प्रणालीको आवश्यकता किन परेको हो ?

४. यो प्रणाली लागू गर्न के कस्तो व्यवस्था  गरिएको छ ?

५. निरन्तर विद्‌यार्थी मूल्याङ्कन प्रणाली लागू भए नभएको, नीति अनुसार शिक्षकले गरे   नगरेको अनुगमन गर्ने गर्नु भएको छ ?

६. स्रोत केन्द्र अन्तर्गतका सबै विद्यालयका सबै शिक्षकहरुले यो नीति सम्बन्धी तालिम प्राप्त गरेका छन् ?

७. कार्यसञ्चयिका फारम विद्यालयमा निःशूल्क वितरण गरिन्छ कि विद्यालयले किन्नु      पर्छ ?

८. तपाइँको यस नीतिबारे कस्तो धारणा रहेको छ ? यो नीति प्रभावकारी छ वा छैन ?

९. निरन्तर विद्‌यार्थी मूल्याङ्कन प्रणाली लागू गर्न शिक्षक तालिमको कस्तो व्यवस्था गरिएको छ ?

१०. निरन्तर विद्‌यार्थी मूल्याङ्कन प्रति अभिभावकको कस्तो प्रतिक्रिया पाउनु भएको छ ?

११. यस नीतिलाई विद्यालयमा लागू गर्दा कस्ताकस्ता समस्याहरु देखा परेका छन् ?

१२. ती समस्या समाधानका लागि कस्ता उपायहरु अपनाउन सकिएला त ?

१३. निरन्तर विद्‌यार्थी मूल्याङ्कनका सम्बन्धमा तपाइँको कुनै सल्लाह सुझाव छ कि ?

धन्यवाद !

# निरन्तर मूल्याङ्कन प्रणाली

## अनुसूची तीन

### वि.नि. निम्ति अन्तरवार्ता सूची

वि.नि. नाम :

विद्यालयको नाम :

शैक्षिक योग्यता :

१. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका बारेमा तपाईंलाई कत्तिको जानकारी छ ?

२. विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू भए नभएको अनुगमन गर्ने गर्नु भएको छ कि छैन ?

३. विद्यार्थीहरु बढि अनुतिर्ण हुने कारणहरु केके होला ? त्यसमा कमी ल्याउन केके गर्न सकिएला ?

४. तपाईंको विचारमा प्रा.वि. तहका विद्यार्थीको मूल्याकन कसरी गर्नुपर्ला ?

५. विद्यालयमा समुदायको सहयोग कत्तिको प्राप्त हुन्छ ?

धन्यवाद !

# निरन्तर मूल्याङ्कन प्रणाली

## अनुसूची चार

### प्रधानाध्यापकका निम्ति तयार पारिएको प्रश्नावली

*एम.एड. तहको द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तीका लागि शोधपत्र निर्माण गर्ने उद्देश्यले तयार गरिएका निम्न प्रश्नहरुको जवाफ दिई सहयोग गरिदिनुहुन अनुरोध गर्दछु ।*

प्रधानाध्यापकको नाम : शैक्षिक योग्यता :

विद्यालयको नाम : शिक्षण अनुभव :

प्रश्न १. निरन्तर विद्यार्थी मूल्याङ्कन भनेको के हो र यो किन आवश्यक छ ?

उत्तर-...........................................................................................................

प्रश्न २. तपाईँको विद्यालयका सबै शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिम लिनु भएको छ ?

उत्तर-........................................................................................................

प्रश्न ३. तालिममा सिकेको कुरालाई शिक्षकहरुले कक्षा कोठामा प्रयोग गरे नगरेको थाहा पाउन कक्षा अवलोकन गर्ने गर्नु भएको छ कि छैन ?

उत्तर-......................................................................................................

प्रश्न ४. शिक्षक र अभिभावकको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली प्रतिको प्रतिक्रिया के कस्तो रहेको छ ?

उत्तर- .........................................................................................................

प्रश्न ५. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सफल पार्न तपाईँले विद्यालयमा के के गर्ने गर्नु भएको छ ?

उत्तर- .........................................................................................................

प्रश्न ६. विद्यार्थीलाई प्रगति विवरण कहिलेकहिले दिने गर्नु भएको छ ?

उत्तर- ......................................................................................................

प्रश्न ७. वि.नि. तथा स्रोतव्यक्ति विद्यालयको अनुगमन गर्न कहिलेकहिले आउनुहुन्छ ?

उत्तर- ..........................................................................................

प्रश्न ८.शिक्षकले कहिलेकहिले निरन्तर मूल्याङ्कन सम्बन्धी फारम भर्ने गर्नु भएको छ ?

उत्तर- ............................................................................................

प्रश्न ९. कति कक्षा सम्म उदार कक्षोन्नती लागू गर्नु भएको छ ?

उत्तर- ............................................................................................

प्रश्न १०. अभिभावकलाई प्रगति विवरण कसरी कस्तो खाकामा उपलब्ध गराउने गर्नु भएको छ ?

उत्तर- ............................................................................................

प्रश्न ११.वर्तमान समयमा विद्‌यार्थी मूल्याङ्कन गर्दा कस्ताकस्ता कठिनाइहरु देखिएका  छन् त ?

उत्तर- ............................................................................................

प्रश्न १२. निरन्तर मूल्याङ्कन सम्बन्धी कार्यमा समुदायको सहयोगको अवस्था कस्तो छ ?

उत्तर- ............................................................................................

१३.निरन्तर विद्‌यार्थी मूल्याङ्कन  प्रणालीका कमजोर पक्षहरु के के हुन् ?

उत्तर- ............................................................................................

प्रश्न १४.तपाईंको विचारमा  यी कमजोर पक्षहरुहटाउन केके गर्न सकिएला?

उत्तर- ............................................................................................

प्रश्नावली भरी सहयोग गरिदिनु भएकोमा धन्यवाद !

# निरन्तर मूल्याङ्कन प्रणाली

## अनुसूची पाँच

### शिक्षकका लागि तयार पारिएको प्रश्नावली

*एम.एड. तहको द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तीका लागि शोधपत्र निर्माण गर्ने उद्देश्यले तयार गरिएका निम्न प्रश्नहरुको जवाफ दिई सहयोग गरिदिनुहुन अनुरोध गर्दछु ।*

शिक्षकको नाम - शैक्षिक योग्यता -

विद्यालय- अनुभव -

अध्यापन गर्ने मुख्य विषयहरु -

तलका प्रश्नहरुमा दिइएका विकल्पहरुमध्ये तपाईंलाई उपयुक्त लाग्ने विकल्पमा रेजा (✓) चिन्ह दिई खाली ठाउँमा आफ्नो विचार प्रस्तुत गरिदिनुहोला :

प्रश्न- १. आधारभूत तह (कक्षा १-७) का विद्यार्थीको मूल्याङ्कन गर्न वर्तमान समयमा कुन मूल्याङ्कन प्रणाली अपनाउँदै आउनु भएको छ ?

क) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली ख) परीक्षा प्रणाली

ग) मिश्रित प्रणाली घ) निदानात्मक मूल्याङ्कन प्रणाली

प्रश्न- २. विद्यार्थीको आन्तरिक मूल्याङ्कन के को आधारमा गर्ने गरिएको छ ?

क) कार्यसञ्चयिकाको आधारमा ख) लिखित परीक्षाका आधारमा

ग) मौखिक परीक्षाका आधारमा घ) माथिका सबै

प्रश्न- ३. कार्यसञ्चयिका फायलमा विद्यार्थीको अभिलेखलाई कहिले व्यवस्थापन गर्ने गर्नुभएको छ ?

क) प्रत्येक पाठको अन्त्यमा ख) त्रैमासिक रुपमा

ग) साप्ताहिक रुपमा घ) शैक्षिक सत्रको अन्त्यमा

प्रश्न- ४. विद्यार्थीको मूल्याङ्कनका लागि परीक्षा बाहेकका कुन मूल्याङ्कनका साधनको प्रयोग गर्ने गर्नु भएको छ ?

क) अवलोकन ख) रुजु सूची

ग) श्रेणी मापन घ) घटनावृत अभिलेख

प्रश्न- ५. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कत्तिको प्रभावकारी छ ?

क) ज्यादै धेरै ख) धेरै

ग) सामान्य घ) न्युन

प्रश्न- ६. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली प्रयोग गर्दा कत्तिको गाह्रो हुन्छ ?

क) गाह्रो हुन्छ ख) प्रभावकारी र सजिलो छ

ग) ठिकै छ घ) झन्झटिलो र खर्चिलो छ

प्रश्न- ७. कार्यसञ्चयिकाको फायल कहाँ राख्ने गरिएको छ ?

क) अफिस कोठाको दराजमा ख) कक्षा कोठाको दराजमा

ग) अफिसको र्‍याकमा घ) कक्षाकोठामा झुण्ड्याएर

प्रश्न- ८. निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धमा कति पटक तालिम लिनु भएको छ ?

क) एक पटक ख) दुइ पटक

ग) धेरै पटक घ) लिएको नै छैन

प्रश्न- ९. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउन के गर्नुपर्ला ?

क) तालिमको व्यवस्था गर्नुपर्छ ख) भौतिक सुविधा बढाउनु पर्छ

ग) परीक्षा प्रणाली खारेज गर्नुपर्छ घ) ठोस नीति ल्याई देशभर लागू गर्नुपर्छ

प्रश्न- १०. निरन्तर मूल्याङ्कनलाई प्रभावकारी बनाउन समुदायको सहयोग कत्तिको पाउनुभएको छ ?

क) अलिअलि ख) आवश्यकता अनुसार

ग) प्राय सधैँ जसो घ) सधैँ जसो

प्रश्न- ११. विद्यार्थी असफल हुने कारण के के होलान् ?

क) पढाइ नभएर ख) तालिम प्राप्त शिक्षक नभएर

ग) राम्रो मूल्याङ्कन नगरेर घ) वेवास्ता गरेर

प्रश्न १२. तपाईँ कति कक्षासम्म पढाउनुहुन्छ ?

उत्तर- ........................................................................................

प्रश्न १३. कति कक्षासम्म निरन्तर मूल्याङ्कन लागू गर्नु भएको छ ?

उत्तर- ..........................................................................................

प्रश्न १४. तपाईँले आफ्नो विषय शिक्षण गर्दा कमजोर र जान्ने विद्यार्थीका लागि के कस्तो व्यवस्था गर्नुभएको छ ?

उत्तर- ............................................................................................

प्रश्न १५.विद्यार्थीको उपस्थिति दर वृद्धि गर्न कस्ताकस्ता प्रयास गर्नु भएको छ ?

उत्तर- ............................................................................................

प्रश्न १६.अभिभावक छोराछोरीको कार्य विवरण बुझ्न कत्तिको विद्यालय आउनुहुन्छ ?

उत्तर- ............................................................................................

प्रश्न १७.अभिभावकले निरन्तर विद्यार्थी मूल्याङ्कनबारे कत्तिको बुझेका छन् ? छैनन् भने बुझाउनका लागि केहि गर्नुभएको छ ?

उत्तर- ............................................................................................

प्रश्न १८. तपाईँले निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी कति पटक तालिम लिनु भएको छ र तालिममा सिकेको कुरालाई कक्षाकोठामा कत्तिको लागू गर्नुहुन्छ ?

उत्तर- ............................................................................................

प्रश्न १९. निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोग सम्बन्धी कस्ता कस्ता कठिनाइहरु सामना गरिरहनु भएको छ ?

उत्तर- ............................................................................................

प्रश्न २०. यस सम्बन्धी फाराम तथा अभिलेख पाठ्यक्रमले तोके अनुसार नै तयार गर्न तथा तोकेको समयमा नै भर्न/भराउन के गर्नुपर्ला ?

उत्तर- ............................................................................................

प्रश्न २१. निरन्तर मूल्याङ्कन प्रयोग सम्बन्धी समस्या समाधान गर्न तपाईँ कस्तो सुझाव दिनुहुन्छ ?

उत्तर- ............................................................................................

प्रश्नावली भरी सहयोग गरिदिनु भएकोमा धन्यवाद ।

# निरन्तर मूल्याङ्कन प्रणाली

## अनुसूची छ

### विद्‌यार्थीका लागि तयार पारिएको प्रश्नावली फारम

*एम.एड. तहको द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तीका लागि शोधपत्र निर्माण गर्ने उद्‌देश्यले तयार गरिएका निम्न प्रश्नहरुको जवाफ दिई सहयोग गरिदिनुहुन अनुरोध गर्दछु ।*

विद्‌यार्थीको नाम -　　　　　　　　　　कक्षा -

विद्यालयको नाम -　　　　　　　　　　ठेगाना -

तलका प्रश्नहरुमा दिइएका विकल्पहरु मध्ये तपाईँलाई उपयुक्त लाग्ने विकल्पमा रेजा (✓) चिन्ह लगाई खाली ठाउँमा आफ्नो विचार प्रस्तुत गरिदिनुहोला :

प्रश्न- १. वर्तमान अवस्थामा तपाईँको मूल्याङ्कन सर/मिसले कसरी गर्नुहुन्छ ?

क) परीक्षा लिएर　　　　　　　　ख) गृहकार्य/कक्षाकार्यको आधारमा

ग) दैनिक क्रियाकलाप र व्यवहारको अवलोकनको आधारमा　घ) माथिका सबै

प्रश्न- २. अहिले तपाईँको मूल्याङ्कन सर/मिसले वर्षमा कति पटक गर्नुहुन्छ ?

क) दैनिक रुपमा　　　　　　　　ख) तीन/तीन महिनामा

ग) ६/६ महिनामा　　　　　　　　घ) प्रत्येक पाठको अन्त्यमा

प्रश्न- ३. तपाईँ सर/मिसले दिनुभएको गृहकार्य/कक्षाकार्य कत्तिको गर्नुहुन्छ ?

क) दैनिक नियमित रुपमा　　　　　　ख) फुर्सदमा

ग) कहिले काहि मात्र　　　　　　　घ) कहिले गर्दैनौ

प्रश्न- ४. तपाईँहरुको कक्षाकार्य र गृहकार्य सर/मिसले जाँच्नु हुन्छ कि हुन्न ?

क) जाँच्नु हुन्छ　　　　　　　　ख) जाँच्नु हुन्न

ग) कहिलेकाहीँ मात्र जाँच्नु हुन्छ　　　घ) दैनिक रुपमा जाँच्नुहुन्छ

प्रश्न- ५. तपाईँ कति कक्षामा पढ्नुहुन्छ ?

उत्तर : ..........................................................................................

प्रश्न-६.तपाईँलाई घरबाट विद्यालय आउन कति समय लाग्छ र जाँदा कति समय लाग्छ ?

उत्तर : ..........................................................................................

प्रश्न-७. तपाईंको पढाइको कमी कमजोरीबारे शिक्षकले  कस्तो सल्लाह सुझाव दिनुहुन्छ ?

उत्तर : ..........................................................................................

प्रश्न-८. विद्यालयमा त्रैमासिक परीक्षा बाहेक अन्य केकस्तो परीक्षा लिनुहुन्छ ?

उत्तर : ..........................................................................................

प्रश्न-९. तपाईंलाई कुन विषय गाह्रो लाग्छ र  त्यो विषयमा अहिलेसम्म फेल हुनुभएको छ कि छैन ?

उत्तर : ..........................................................................................

प्रश्न- १०. तपाईं उत्तीर्ण हुँदा सबै विषयमा उतिर्ण हुनु भएको छ कि विषय लागेर उत्तीर्ण हुन भएको छ ?

उत्तर : ..........................................................................................

प्रश्न-११. तपाईंको मूल्याङ्कन सर/मिसले परीक्षा लिएर गर्दा राम्रो लाग्छ की दैनिक व्यवहार र क्रियाकलापको आधारमा गर्दा राम्रो लाग्छ ?

उत्तर : ..........................................................................................

प्रश्न-१२. तपाईं नियमित विद्यालय आउनुहुन्छ ? आउनु भएको छैन भने कस्तो अवस्थामा आउनुहुन्न ?

उत्तर : ..........................................................................................

प्रश्न-१३. तपाईंलाई कसले र कस्तो सहयोग दिएमा आफ्नो पठनपाठन अझ राम्रो हुन्छ होला जस्तो लाग्छ ?

उत्तर : ..........................................................................................

सहयोगको लागि धन्यवाद !

# निरन्तर मूल्याङ्कन प्रणाली

## अनुसूची सात

### अभिभावकका निम्ति अन्तरवार्ता सूची

अभिभावकको नाम : पेसा :

शैक्षिक योग्यता :

१. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका बारेमा तपाईंलाई केही जानकारी छ ?

२. विद्यालयमा दिएको गृहकार्य तपाईंको बच्चाले गर्छन् कि गर्दैनन् ?

३. तपाईंका बच्चा परीक्षासँग कत्तिको डर मान्छन् ?

४. तपाईंका बच्चाहरु कत्तिको फेल हुन्छन् ?

५. विद्यार्थी केके कारणले फेल हुन्छन् जस्तो लाग्छ ?

६. तपाईंको छोराछोरीको प्रगतिबारे बुझ्न विद्यालय कत्तिको जानुहुन्छ ? जानुहुन्न भने किन जानुहुन्न ?

७. तपाईंको बच्चाको प्रगति विवरण कतिकति महिनामा हेर्न पाउनु हुन्छ ?

८. तपाईं बच्चाहरुलाई नियमित विद्यालय पठाउनु हुन्छ ? विद्यालय जाँदा बच्चा खुसी हुन्छन् कि हुँदैनन् ?

९. के गरियो भने बच्चाहरुको सिकाइमा सुधार ल्याउन सकिन्छ जस्तो लाग्छ ?

धन्यवाद !

# निरन्तर मूल्याङ्कन प्रणाली

## अनुसूची आठ

### कक्षा शिक्षण अवलोकन फारम

विद्यालयको नाम :

शिक्षकको नाम :

अवलोकन गरेको कक्षा :

| क्र.स. | कक्षा अवलोकनका विषयवस्तु (क्षेत्र) | अवस्था |
|---|---|---|
| १ | कक्षाकोठाको व्यवस्थापन | |
| २ | विषयवस्तुको तयारी | |
| ३ | पाठको सुरुवात | |
| ४ | विद्‌यार्थीसँगको व्यवहार | |
| ५ | पाठयोजना सहित शिक्षण | |
| ६ | शैक्षिक सामग्रीको प्रयोग | |
| ७ | विद्‌यार्थी सक्रियता | |
| ८ | मूल्याङ्कन<br>-विद्‌यार्थीको क्रियाकलापको मूल्याङ्कन<br>-विद्‌यार्थीलाई पृष्ठपोषण<br>-विद्‌यार्थीको क्रियाकलापको रेकर्ड<br>-विद्‌यार्थीको निरन्तर मूल्याङ्कन | |
| ९ | कक्षाकार्य तथा गृहकार्यको नियमित परीक्षण | |
| १० | विद्‌यार्थीको हाजिरी | |

# निरन्तर मूल्याङ्कन प्रणाली

## अनुसूची नौ

### विद्यालय सर्वेक्षण फारम

(अवलोकन गरेर भर्ने)

विद्यालको नाम :

ठेगाना : मिति :

१. कक्षा १ देखि ३ सम्म उदार कक्षोन्नती प्रणाली अपनाइएको छ ?

क) छ ☐ ख) छैन ☐

छ भने कसरी ? क) पूर्ण रुपमा ☐ ख) आंशिक रुपमा ☐

२. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका लागि कार्यसञ्चयिका फायल राखिएको छ ?

क) छ ☐ ख) छैन ☐

छ भने कहाँ राखिएको छ ? क) अफिस कोठाको दराजमा ☐ ख) कक्षा कोठाको दराजमा ☐

३ . निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगको अवस्था बारे माथिल्लो निकायबाट अनुगमन हुने गरेको छ

क) छ ☐ ख) छैन ☐

छ भने कुन निकाय/व्यक्तिबाट हुने गरेको छ ?

क) स्रोत केन्द्रबाट ख) जि.शि.का बाट ☐ ग) वि.नि. बाट ☐ घ) क्षे.शि.नि.बाट ☐

४. निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धि अनुगमन बर्षमा कति पटक भएको छ ?

क) १ पटक ☐ ख) २ पटक ☐ ग) ३ पटक ☐ घ) ३ भन्दा बढि ☐

५. निरन्तर विद्यार्थी मूल्याङ्कन फारम र कार्यान्वयनको अवस्था कस्तो छ ?

क) सहि ☐ ख) गलत ☐

गलत छ भने

क) भ्याएको बेला गर्ने गरेको ☐ ख) साप्ताहिक रुपमा गर्ने गरेको ☐

ग) महिनै पिच्छ गर्ने गरेको ☐ घ) नतिजा प्रकाशन गर्ने बेला गर्ने गरेको ☐

# निरन्तर मूल्याङ्कन प्रणाली

## अनुसूची  दस

### निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

(मूल्याङ्कन मापदण्डका आधारमा रेजा लगाउने)

कक्षा : .........   विषय : ..................   शैक्षिक सत्र : ...................

| क्र.स | विद्यार्थीको नाम | पाठ... | पाठ... | पाठ.. | पाठ.... | पाठ.... | पाठ | पाठ | पाठ |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

कक्षा शिक्षक : ....................   रुजु गर्ने : ...............   प्र.अ.को दस्तखत : ...........

# निरन्तर मूल्याङ्कन प्रणाली

## अनुसूची एघार

श्री ................................. विद्यालय

विद्यार्थी प्रगति विवरण

शैक्षिक सत्र : ...........

विद्यार्थीको नाम : ............................... कक्षा : ........

रोल नं. ......

| क.स | विषय | पुर्णाङ्क | | उत्तीर्णाङ्क | | प्राप्ताङ्क | |
|---|---|---|---|---|---|---|---|
| | | सैद्धान्तिक | प्रयोगात्मक | सैद्धान्तिक | प्रयोगात्मक | सैद्धान्तिक | प्रयोगात्मक |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा | | | | | | | |

..........................

...........................

कक्षा शिक्षकको सहि

प्रधानाध्यापकको सहि

# निरन्तर मूल्याङ्कन प्रणाली

## अनुसूची बाह्र

ख) निरन्तर मूल्याङ्कन (४०%)

| मूल्याङ्कनका आधार | पाठ्यक्रममा उल्लेखित मापदण्डमा आधारमा क,ख,ग, उल्लेख गर्ने<br>((पत्रै =पहिलो त्रैमासिक, दोत्रै =दोस्रो त्रैमासिक,वा =वार्षिक) | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नेपाली | | | अंग्रेजी | | | गणित | | | सामाजिक र जनसङ्ख्या | | | विज्ञान र वातावरण | | | स्वास्थ्य शारिरीक | | | नैतिक | | | पेशा व्यवसाय | | | स्थानीय/मातृभाष | | |
| | पत्रै | दोत्रै | वा | पत्रै | दोत्रै | वा | पत्रै | दोत्रै | वा | पत्रै | दोत्रै | वा | पत्रै | दोत्रै | व | पत्रै | दोत्रै | वा | पत्रै | दोत्रै | वा | पत्रै | दोत्रै | वा | पत्रै | दोत्रै | वा |
| कक्षा कार्य / गृहकार्य | १ | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| परियोजना कार्य | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| व्यवहार परिवर्तन | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| सिर्जनत्मक कार्य | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| हाजिरी | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

विद्यालय खुलेको दिन : ......... विद्यालयमा पढाइ भएको दिन : ....... उपस्थित दिन :.......

कक्षा शिक्षकको नामः ................................. प्र.अ.को नाम : .........................

हस्ताक्षर : हस्ताक्षर :

# निरन्तर मूल्याङ्कन प्रणाली

## अनुसूची तेह्र

### **विद्यार्थी विवरण**

शैक्षिक सत्र :

विद्यालयको नाम : ठेगाना :

| | विद्यार्थी सङ्ख्या | | उत्तीर्ण सङ्ख्या | | उत्तीर्ण प्रतिशत | | औसत सिकाइ उपलब्धि | | कक्षा दोहोऱ्याउने | | विद्यालय छाड्ने | | विद्यार्थी सङ्ख्या (हालको) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| १ | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | |

.................
प्र.अ